का.जि.प्र.का.द.नं. १००/०५९/६०

२७ असार २०८२,
शुक्रबार
11 July, 2025
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक १५९ । पृष्ठ ८ Madhyanha National Daily www.madhyanhadaily.com



# कारबाहीले कांग्रेसमा किचलो



"यो निर्णय पूर्वाग्राही ढंगबाट आएकाले हाम्रो गम्भीर असहमति छ । कारबाहीका सन्दर्भमा केन्द्रीय समितिमा पुनरावेदन गर्न पाउने व्यवस्था भएकाले साथीहरुले पुनरावेदन गर्नुहुन्छ होला

■ **सञ्जय गौतम**
**सदस्य, अनुशासन समिति**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २६ असार ।

२०७९ को स्थानीय, प्रादेशिक र संघीय निर्वाचनमा पार्टी र गठबन्धनका उम्मेदवारलाई असहयोग गरेको निष्कर्षसहित पार्टीका विभिन्न तहको जिम्मेवारीमा रहेका नेताहरूमाथि गरिएको अनुशासनको कारबाहीले नेपाली कांग्रेसमा तरंग उत्पन्न भएको छ ।

अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुंगानाले गरेको कारबाहीको निर्णयलाई लिएर पार्टीभित्र बहस र आरोप-प्रत्यारोप सुरु भएको छ ।

कारबाहीका नाममा चुनाव भएको करिब ३ वर्षपछि अवैधानिक ढंगले पार्टीका नेताहरूलाई सदस्यबाट निष्कासन गर्नु पार्टी हितमा नरहेको इतर समूहले निष्कर्ष निकालेको छ । पार्टी संस्थापन पक्षको निर्णयलाई इतर समूहले अवज्ञा गरेपछि पार्टीभित्र ध्रुवीकरण पनि बढेको छ ।

ढुंगाना नेतृत्वको समितिले गत चुनावी गठबन्धनका आधिकारिक उम्मेदवारलाई असहयोग गरेका नाममा नेता विशेषको व्यक्तिगत दम्भ र गुटगत दृष्टिकोणबाट बहुमतका आधारमा कारबाहीको शिकार बनाएको अनुशासन समितिका सदस्य सञ्जय गौतमले बताए । गौतम

>>> पृष्ठ २ मा

## ८८ जनाको पुनरावेदन दर्ता

अनुशासन समितिमा कारबाही फुकुवाका लागि ८८ जनाले पुनरावेदन दिएका छन् । २०७९ मा सम्पन्न संघीय, प्रदेश तथा स्थानीय तहको निर्वाचनमा पार्टीका आधिकारिक उम्मेदवारविरुद्ध बागी बनेका तथा बागी उम्मेदवारका प्रस्तावक-समर्थकलाई पार्टीले स्वतः निष्कासन गरेको थियो ।

समितिका संयोजक ढुंगानाले तीमध्ये धेरैले पार्टीको विधानमा तोकिएको प्रक्रिया पुऱ्याउँदै आफूहरूमाथि भएको कारबाही फुकुवा गरियोस् भन्ने माग गर्दै पुनरावेदन दिएको जानकारी दिए ।

>>> पृष्ठ २ मा

**भैरहवा विमानस्थल अनियमितता प्रकरण**

# सुस्त छानबिन, बेकम्मा प्रारम्भिक प्रतिवेदन

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ असार ।

भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणका क्रममा भएको भनिएको अनियमितताको पहिलो अध्ययन प्रतिवेदन बेकामे भएको छ ।

प्रतिनिधि सभा अन्तर्गतको सार्वजनिक लेखा समितिअन्तर्गत गठित उपसमितिको पहिलो चरणको अध्ययन प्रतिवेदनलाई छाडेर फेरि अर्को अध्ययन थालिएको छ ।

उपसमितिकी संयोजक तथा नेपाली कांग्रेसकी नेतृ मञ्जु खाण पुनः अध्ययन थालिएको बताउँछिन् । उनकाअनुसार उपसमितिको संयोजक फेरिएकाले फेरि सुरुदेखि नै अध्ययन थालिने छ ।

पहिलो चरणको अध्ययनले विमानस्थल निर्माणमा आवश्यकभन्दा बढी जग्गा अधिग्रहण गरेको ठहर गरेको थियो । तर, उपसमितिको संयोजकबाट एमाले सांसद योगेश भट्टराई बाहिरिएसँगै प्रतिवेदन बेकामे बन्न पुगेको हो ।

१४ असार २०८१ मा गते सार्वजनिक लेखा समितिले भैरहवा र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको अध्ययन-अनुगमन र छानबिन गरी रायसहितको प्रतिवेदन बुझाउन दुई छुट्टाछुट्टै उपसमितिहरू गठन गरेको थियो ।

पोखरा विमानस्थलको अध्ययन-अनुगमन प्रतिवेदन तयार भएर अगाडि बढिसक्यो । तर भैरहवाबारे भने फेरि अध्ययन गर्ने भनेर अलमल गरिएको नेताहरू बताउँछन् ।

सांसदहरूका अनुसार राज्यको अर्बौं रुपैयाँ लगानी भएको तर प्रतिफल दिन नसकेपछि अध्ययन थालिएको हो । दातृ निकायसँग ऋण लिएर राष्ट्रिय गौरवको आयोजनामा समावेश गरिएका यी आयोजनालाई सरकारले निकै महत्वका साथ निर्माण गरेको हो ।

> निर्माण सम्पन्न भएर उद्घाटन भएको ३ वर्ष हुँदासमेत भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरूपमा सञ्चालनमा आउन सकेको छैन । प्रतिफल नदिएपछि विमानस्थल बनाउन लिइएको ऋणको चुक्ता गर्ने विषयलाई लिएरसमेत कतिपयले प्रश्न गर्दै आएका छन् ।

३० अर्ब रुपैयाँको लगानीमा बनेको भैरहवा विमानस्थल २०७९ जेठमा र २४ अर्ब लगानी भएको पोखरा विमानस्थल २०७९ पुसमा निर्माण सम्पन्न भएर उद्घाटन भएको थियो ।

निर्माण सम्पन्न भएर उद्घाटन भएको ३ वर्ष हुँदासमेत पूर्णरूपमा सञ्चालनमा आउन सकेको छैन । प्रतिफल नदिएपछि विमानस्थल बनाउन लिइएको ऋणको चुक्ता गर्ने विषयलाई लिएरसमेत कतिपयले प्रश्न गर्दै आएका छन् ।

सरकारी अधिकारीहरू यी विमानस्थल बनाउन लिएको ऋण सम्बन्धित देशले अनुदानमा परिणत गरिदिए हुन्थ्यो भन्ने आग्रह गर्छन् । संसदहरूका अनुसार उपसमितिले विमानस्थल सञ्चालनमा आउन नसक्नुको कारण पत्ता लगाउँदैछन् । निर्माणपूर्व

>>> पृष्ठ २ मा

# नाउपा सत्ता न प्रतिपक्ष !

"हामीले सरकारलाई दिएको समर्थन फिर्ता लिइसक्यौं, प्रतिपक्षी बेञ्चमा बसिराखेका छौं



■ **रञ्जिता श्रेष्ठ**
**अध्यक्ष, नाउपा**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, २६ असार ।

सरकारप्रति असन्तुष्टि जनाउँदै नागरिक उन्मुक्ति पार्टी (नाउपा)ले संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिएको बिहीबार ५ दिन पुगेको छ ।

सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गर्दै नाउपाले सरकारमा सहभागी मन्त्री अरूणकुमार चौधरीलाई फिर्ता बोलाउने पनि निर्णय गरेको छ ।

तर पार्टीले सरकार छोड्ने निर्णय गरेको ५ दिन भइसक्दा पनि मन्त्री चौधरी सरकारमै छन् र पदबाट राजीनामा दिएका छैनन् । चौधरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री छन् । सरकारलाई दिएको समर्थन फिर्ता लिने र मन्त्रीबाट पनि फिर्ता हुने निर्णयमा राज्यमन्त्री चौधरीले पनि हस्ताक्षर गरेका छन् । २०८१ साउन १८ गते



*२३ असारमा प्रधानमन्त्री निवास बालुवाटारमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेटवार्तापछि नाउपा संरक्षक रेशम चौधरी ।*

नाउपाका चौधरी सरकारमा सहभागि भएका थिए ।

सुदूरपश्चिम प्रदेशमा नाउपाका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री रामेश्वर चौधरीलाई मुख्यमन्त्री कमलबहादुर शाहले बर्खास्त गरेपछि पार्टी असन्तुष्ट भएको हो । पावर टिलर वितरणमा चलखेल गरेको आरोप लागेपछि मुख्यमन्त्री शाहले चौधरीलाई बर्खास्त गरेका हुन् । त्यसैको असन्तुष्टि स्वरूप पार्टी संघीय सरकारबाट बाहिरिएको हो ।

त्यसपछि सुदूरपश्चिम, लुम्बिनी, मधेस प्रदेश सरकार हुँदै संघीय सरकारलाई दिएको समर्थन पनि नाउपाले फिर्ता लिएको छ ।

नाउपाबाट संघीय संसदमा ४ सांसद, मधेसमा १, लुम्बिनीमा ४ र सुदूरपश्चिममा ७ जना सांसद छन् । नाउपाले असार २१ गते ओली सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो । 'सरकारले चित्तबुझ्दो काम नगरेकोले समर्थन फिर्ता लिने निर्णय गरेका हौं', संसदीय दल नेता गंगाराम चौधरीले भने ।

'यो सरकारले चित्तबुझ्दो काम गर्न सकेन । त्यसैले सरकारलाई दिएको समर्थन फिर्ता लिने र मन्त्री अरूण चौधरीलाई फिर्ता गर्ने संसदीय दलको निर्णय गरेको हो,' उनले भने ।

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# संख्या सय अब संसद्मा विचाराधीन छ : श्रममन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ असार ।

गत वैशाख १६ गते प्रतिनिधि सभाबाट 'केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयक, २०८१' बहुमतले पारित भएपछि खुशीमा बधाई साटासाट गरेका वैदेशिक रोजगार व्यवसायी असार मसान्त नजिकै आउन लाग्दा निराशाको अवस्थामा देखिएका छन् ।

करिब ७९ वटा कानुनका विभिन्न दफाहरू संशोधन गर्ने गरी प्रस्तावित यस विधेयकमा वैदेशिक रोजगार व्यवसायीको इजाजत नवीकरणका लागि अनिवार्यरूपमा वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिनुपर्ने प्रावधान खारेज गरिएको छ ।

प्रतिनिधि सभाले उक्त विधेयक पारित गरेपछि छिटोभन्दा छिटो राष्ट्रिय सभाबाट पुनः प्रतिनिधि सभामा आइ सभामुखले हस्ताक्षर गरेपश्चात राष्ट्रपतिले प्रमाणीकरण गरेसँगै ऐनको रुपमा कार्यान्वयनमा आउने र संख्या सयको झन्झट सधैंका लागि अन्त्य हुने अधिकांश व्यवसायीको अपेक्षा थियो ।

तर संसद् भिजिट भिसा प्रकरण र निजामती कर्मचारी विधेयकको कुलिङ पिरियडको उल्झनमा अल्झिएपछि प्रतिनिधि सभाले पारित गरेको विधेयक राष्ट्रिय सभाले समयमै पारित गर्न सकेन ।

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको भेटमा सभामुख देवराज घिमिरेले राष्ट्रिय सभाबाट सन्देशसहित प्राप्त हुने विधेयक असार २३ गते प्रतिनिधि सभामा टेबुल हुने आश्वासन दिएका थिए । तर २६ गते बिहीबारसम्म सो विधेयक टेबुल भएको छैन ।

प्रतिनिधि सभाले पारित गरेको विधेयकमा वैदेशिक रोजगार ऐनका सम्बन्धमा संशोधन नपरेको भएपनि राष्ट्रिय सभामा २२ वटा संशोधन परेका छन् । वन र राष्ट्रिय निकुञ्जलगायतका ऐनका दफामा संशोधन परेका हुन् ।

मञ्चका अध्यक्ष जनक रावलले असार मसान्तसम्ममा विधेयक पारित नभएको अवस्थामा धेरै व्यवसायीले कार्यालय बन्द गर्नुपर्ने विषयमा सभामुख घिमिरेको ध्यानाकर्षण गराउँदा समयमा विधेयक पारित नहुँदाका दुष्परिणामबारे प्रधानमन्त्री केपी शर्मा ओलीसँग छलफल गर्ने आश्वासन पाएको बताए ।

तत्कालीन श्रममन्त्री गोकर्ण विष्टको पालामा २०७५ फागुन १९ गते केही नेपाल ऐन संशोधन गर्ने ऐनमार्फत धरौटी वृद्धि, एकाघर परिवारले दुई वटा म्यानपावर कम्पनी राख्न नपाउनेसहित इजाजत नवीकरणका लागि वार्षिक सय जना कामदार अनिवार्यरूपमा पठाउनुपर्ने प्रावधान थप भएको थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ र अधिकांश वैदेशिक रोजगार व्यवसायीहरूले सुरुवातदेखि नै असहमति जनाएको ऐनको उक्त प्रावधान एक पटक पनि कार्यान्वयनमा आएको छैन । हरेक वर्ष ऐनमा रहेको बाधा अड्काउ फुकाउने दफा ८२ प्रयोग गरेर वार्षिक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको इजाजतपत्र नवीकरण हुँदै आएको छ ।

तर यसपटक उक्त सुविधा नेपाल सरकारलाई नभएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले मध्यान्ह दैनिकलाई बताए । उनले भने, 'विधेयकमा रहेको सय संख्या खारेज गर्ने निर्णय गरेर संसदमा पठाएका छौं । अब यो विषय हामीभन्दा माथि संसदमा गएको छ । हामी केही बोल्न सक्ने अवस्थामा छैनौं । जे गर्छ संसदले गर्छ ।'

असार मसान्तसम्ममा ऐन संशोधन नभएको अवस्थामा चालु आर्थिक वर्षमा सय जना कामदार पठाएर नवीकरणको प्रक्रियामा आउन

>>> पृष्ठ २ मा

## विज्ञापन रकम भुक्तानीबारे अत्यन्त जरूरी सूचना

यस **मध्यान्ह राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका केही विज्ञापन एजेन्सी तथा विज्ञापनदाताहरुको विज्ञापन प्रकाशित गरे वापत हालसम्मको बाँकी बक्यौता रकम भुक्तानी गर्न बाँकी रहेकोले यही मिति **२०८२ असार मसान्त**भित्र भुक्तानी गर्नुहुन सूचित गरिन्छ ।
अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्योट तथा मिलान नगरिएमा यस **मध्यान्ह राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हाल उपलब्ध गराइएको छुट सुविधासमेत उपलब्ध नगराइने यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ ।

**लेखा शाखा**

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कमलपोखरी, काठमाडौं
०१५३२६३६६, ०१५३२८२९८
madhyanhadaily59@gmail.com
ad.madhyanha@gmail.com
www.madhyanhadaily.com

मध्यान्ह
www.madhyanhadaily.com
२७ असार २०८२ शुक्रबार
11 July 2025, Friday

# न्यायिक स्वतन्त्रतामाथिको हस्तक्षेप स्वीकार्य हुँदैन : प्रधानन्यायाधीश राउत

**काठमाडौं/मस-** प्रधानन्यायाधीश प्रकाशमान सिंह राउतले न्यायपालिकाको स्वतन्त्रतामा कुनै पनि किसिमको हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पारेका छन्।

बिहीबार काठमाडौंमा आयोजित एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन्। उनले न्यायिक स्वतन्त्रता न्यायपालिकाको आत्मा भएको उल्लेख गर्दै यसबाट प्रधानन्यायाधीश पनि टाढा हुन नसक्ने बताए। उनले न्यायाधीशहरुको न्यायिक निर्णय, काम-कारबाही र भूमिकामा निष्ठाको आवश्यकता रहेको बताए।

पछिल्लो समय निष्ठा भएपनि व्यक्ति पाउन गाह्रो रहेको उनको भनाइ छ। उनले अदालतको कुनै एक मुद्दालाई लिएर न्यायपालिकाको समग्र विश्वसनीयतामाथि प्रश्न उठाउनु अनुचित हुने धारणा राखे।

'न्यायाधीशको इन्डिपेन्डेन्स भनेको न्यायपालिकाको आत्मा हो। त्यसमा हस्तक्षेप अस्वीकार्य हुन्छ। त्यो दर्शनबाट प्रधानन्यायाधीश धेरै टाढा रहदैन। हाम्रा काम कारबाहीहरु, हाम्रा निर्णयहरु, हाम्रा भूमिकाहरु ठिक ठाउँमा प्रयोग हुनुपर्दछ। यस सम्बन्धमा निष्ठा नभएको मान्छेले गर्न थाल्यो भने कुरा अन्तै पर्छ' उनले भने।

अहिलेको समयमा निष्ठा भएको मान्छे खोज्न थाल्यो भने मुस्किल पर्ने उनले बताए।

उनले थपे, 'मैले हजारौं मुद्दा फैसला गरे अथवा हाम्रो अदालतबाट भएका हजारौं फैसलामध्ये एउटा मुद्दा तलमाथि भयो भने दिहाल्छन् अरु ९९९ वटा मुद्दाको कुनै सरोकार नै छन्। त्यसका बाबजुदपनि मैले न्यायापालिको जिम्मा लिन्छु भनेको छु। लिन्छु पनि।'



उनले तमाम चुनौतीकाबीच पनि आफू न्यायपालिकाको जिम्मेवारी लिन तयार रहेको दोहोर्‍याए।

कार्यक्रममा पूर्वप्रधानन्यायाधीश कल्याण श्रेष्ठले राजनीतिक दलहरु कार्यान्वयन र आर्थिक सुशासनको जिम्मेवारीबाट भागेको आरोप लगाए।

उनले निर्वाचन प्रणालीको व्यवस्थाका कारण मुलुकमा राजनीतिक अस्थिरता बढेको बताए। उनले दलहरूले आफ्ना घोषणापत्रहरू जनताको लागि नभई सत्ता गठबन्धनका लागि मात्र बनाएको लेख्ने गरेको समेत टिप्पणी गरे। उनले दलहरूले कहिले संविधान कार्यान्वयनको जिम्मा लिए ? भन्दै प्रश्न समेत गरे। दलहरूबाट सक्षम नेतृत्व छनोट भएर राष्ट्रको नेतृत्व हुने अपेक्षा गरेको भएपनि निर्वाचनमा स्पष्ट बहुमत नआउँदा त्यस्तो हुन नसकेको उनको भनाइ छ।

उनले भने, 'दलीय पद्धतिमा दलहरुले विकासको, संविधानको कार्यान्वयनको माध्यमको रुपमा काम गर्लान भनेर ठानेको थिएँ। दलहरुले संविधान कार्यान्वयनको जिम्मा कहिले लिए ? उनीहरुले आर्थिक सुशासन कायम गर्ने कुरामा पनि कहिल्लै पारदर्शिता देखाएनन्। मैले त दलहरुबाट राम्रो नेतृत्व छानिएर राष्ट्रको नेतृत्व आउँछ भन्ने सोचेको थिए। तर त्यो पनि हेर्न पाएन। निर्वाचनमा स्पष्ट बहुमत भएन गठबन्धन बाध्यता हुन्छ। त्यसपछि दलहरुले घोषणापत्रहरु पढ्न नपर्ने तर लेख्नुपर्ने हिसाबले सरकारहरु भयो। सरकारले स्वार्थ समूहको प्रतिनिधित्व गर्छ कि जनताको त्यो बुझ्न नसकिने अवस्था छ।'

उनले सरकारले स्वार्थ समूहको प्रतिनिधित्व गर्छ कि जनताको त्यो बुझ्न सकिने अवस्था नरहेको टिप्पणी गरे।

## उच्च अदालत पाटनद्वारा ११ हजार २ सय ३४ थान मुद्दा फछ्र्यौट

**काठमाडौं/मस-**उच्च अदालत पाटनले चालु आर्थिक वर्षमा ११ हजार २ सय ३४ थान मुद्दा फछ्र्यौट गरेको छ। बिहीबार आयोजित पत्रकार सम्मेलनमा यसबारेमा जानकारी गराइएको हो।

पत्रकार सम्मेलनमा बोल्दै उच्च अदालतका रजिस्ट्रार श्रीलाल पौडेलले यस वर्ष ११ हजार ८ सय ४५ थान मुद्दा नयाँ दर्ता भएको बताए। त्यसमध्ये ११ हजार ३ सय २३ थान मुद्दाहरु फछ्र्यौट गर्नुपर्ने लक्ष्य रहेकोमा यस आर्थिक वर्षमा ११ हजार २ सय ३४ थान मुद्दा फछ्र्यौट गरेको उनले बताए।

असार २५ गतेसम्म कुल लक्ष्यको ९९.२१ प्रतिशत मुद्दा फछ्र्यौट भएको उनले बताए। उनले अझै ५ दिन बाँकी रहेको र यो समयसम्म शतप्रतिशत



लक्ष्य हासिल गर्ने दाबी गरे। उच्च अदालत पाटनको इतिहासमै पहिलो पटक दुई वर्ष नाघेका मुद्दाहरु शून्य बनाउन सफल भएको उनले बताए।

पत्रकार सम्मेलनमा बोल्दै उच्च अदालत पाटनका मुख्य न्यायाधीश लालबहादुर कुँवरले न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनाअनुसार पहिलो वर्ष पूरा गरेको र सबै अदालतहरुको प्रगति सन्तोषजनक रहेको बताए।

योजनाले राखेका लक्ष्यहरुतर्फ प्रयास उन्मुख रहेको उनले बताए। पाटन उच्च अदालतले लक्ष्य प्राप्ति पूरा गरेको उनले बताए। न्याय सम्पादन छिटो, छरितो बनाउने कुरा नै महत्वपूर्ण रहेको उनले बताए। उनले नयाँ दर्ता हुने मुद्दाको संख्या पनि बढेको बताए। मुख्य न्यायाधीश कुँवरले आागमी आर्थिक वर्षमा मुद्दाहरु १८ महिना नाघ्न नदिने गरी लक्ष्य निर्धारण गरेर अघि बढ्ने बताए।

## रौतहटका १८ पालिकामध्ये देवाही गोनाहीमा मात्र अनलाइन जग्गा वर्गीकरण



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २६ असार

भू-उपयोग नियमावली जारी भएको तीन वर्ष बित्दासम्म रौतहटको १८पालिकामध्ये १ मात्र देवाही गोनाही नगरपालिकाले मात्रै जग्गाको अनलाइन वर्गीकरण गरेको छ। बाँकी १७ वटा पालिकाले अनलाइन जग्गा वर्गीकरण गर्ने प्रक्रियामा लागेका छन्। जग्गाको वर्गीकरण नगरे पुनःकित्ताकाटलगायत जग्गा प्रशासनसम्बन्धी काम ठप्प हुने जनाइएको छ।

देवाही गोनाही नगरपालिकाले रोमा कन्सल्टेन्सीद्वारा अमिन सरोज राय यादव, देवाही गोनाही नगरपालिकाका अमिन शम्भु पासवान र सिमरौनगढ नापी कार्यालयका सुबास गोस्वामीको सहयोगमा अनलाइन जग्गा वर्गीकरण गरेका हुन्।

अनलाइन जग्गा वर्गीकरण भएपछि राजस्व चुहावट, जग्गा मूल्यांकन, आवास र खेतीमा जनप्रतिनिधिद्वारा गरिने सिफारिसमा चलखेल बन्द भएको अमिन सरोज राय यादवले बताए।

देवाही गोनाहीका नगर प्रमुख प्रेमलाल साहले अनलाइन वर्गीकरणको अभावमा रोक्का रहेका जग्गा कारोबार अब सुचारु हुने बताए। साहले नगर क्षेत्रको जग्गा वर्गीकरण भू-उपयोग ऐन र नियमावलीले तोकेको मापदण्डअनुसार वैज्ञानिक ढंगमा गरिएको दाबी गरे। जग्गा वर्गीकरण नभएकै कारण धितो राखेर ऋण पाउन गाह्रो भएपछि सर्वसाधारणको उपचार, विहेवारी, छोराछोरीका पढाइ, अंशबन्डा जस्ता अत्यावश्यक सामाजिक कार्य भएकोले जनसहभागितामा दबाबमूलक अभियान सञ्चालन गर्नुपरेको बताए। उनले जग्गा कारोबार ठप्प हुँदा नगरपालिकाको आन्तरिक स्रोत घटेको पनि जानकारी दिए।

'वर्गीकरणले देवाही गोनाही नगरवासीले राहतको सास फेरेका छन्,' नगर प्रमुख साहले भने, 'यसले नगर क्षेत्रको व्यापार, व्यवसाय र पर्यटन उद्योगमा पनि लगानी बढाउन सहज पारेको छ।' विगत केही समयदेखि कृषि प्रयोजनका अधिकांश जग्गा घर तथा आवास क्षेत्रका लागि प्रयोग हुन थालेपछि सरकारले भू-उपयोग नियमावलीमार्फत नियमन गर्नका लागि जग्गा वर्गीकरणलाई अनिवार्य गरेपछि केही समयका लागि सर्वसाधारणले दुःख पाएको नगर प्रमुख प्रेमलाल साहले बताए।

'वर्गीकरणपछि नापी, मालपोत र वित्तीय संस्थाका काम पुनःलयमा फर्कने अपेक्षा गरिएको छ,' नगर प्रमुख साहले बताए। वर्गीकरण विवरण मालपोत तथा नापी कार्यालय मौलापुर र गरुडामा अमिन सरोज राय यादव, शम्भु पासवान र सुबास गोस्वामीले हस्तान्तरण गरेका छन्।

## नेपाली सेनाद्वारा बडीमालिका मन्दिर पुनर्निर्माण

**काठमाडौं/मस-**नेपाली सेनाले बाजुरास्थित बडीमालिका मन्दिरको पुनर्निर्माण गरेको छ।

समुन्द्र सतहदेखि करिब ४,२२० मिटर उचाइमा मल्लागिरी पर्वतमा अवस्थित ऐतिहासिक, पुरातात्त्विक र धार्मिक दृष्टिले महत्वपूर्ण मानिने यो मन्दिर नेपाली जनआस्थाको महत्वपूर्ण केन्द्रका रूपमा चिनिन्छ। नेपाली सेनाले २०८१ चैत २८ गतेबाट सुरु गरेको पुनर्निर्माण कार्य २०८२ असार २३ गते सम्पन्न गरेको हो।

पुनर्निर्माण अवधिभर मन्दिर श्रद्धालु भक्तजनका लागि खुला राखिएको थियो।

नेपाली सेनाका अनुसार मन्दिर पुनर्निर्माण कार्य पुरातत्व विभागको स्वीकृत डिजाईन र प्राविधिक सहकार्यमा, प्राचीन



स्मारक संरक्षण ऐन, २०१३ (पाँचौं संशोधनसहित)को दायराभित्र रही सम्पन्न गरिएको हो। परम्परागत निर्माण शैली र सामग्रीको प्रयोग गरी मन्दिरको मौलिक स्वरूप जर्गेना गरिएको छ। भक्तपुर र ललितपुरका दक्ष कालिगढहरूको सहयोगमा त्रिवेणी नगरपालिकाको समन्वयमा निर्माण कार्य अघि बढाइएको थियो। रक्षा मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पुरातत्व विभाग, त्रिवेणी नगरपालिका, मन्दिरका पुजारी नेत्रप्रसाद उपाध्याय तथा स्थानीयवासीको संयुक्त प्रयासमा करिब दुई महिनाभित्रै निर्माण सम्पन्न गरिएको हो।

विकट भूगोल, प्रतिकूल मौसम र सामग्री ढुवानीका कठिनाइका बाबजुद सम्पन्न गरिएको यस पुनर्निर्माणले बडीमालिका मन्दिरको ऐतिहासिक र धार्मिक महत्व संरक्षण गर्नुका साथै पर्यटकीय सम्भावना विस्तारमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ।

## बेलायत पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा एक महिला पक्राउ

काठमाडौं/मस- वैदेशिक रोजगारीका लागि बेलायत पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ। प्रहरीले नवलपरासी (पूर्व) सुनवल १० की अकृजा भन्ने बिन्दु पोखरेललाई पक्राउ गरेको हो।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक काजीकुमार आचार्यले हालसम्म खुलेका १९ जना पीडितलाई वैदेशिक रोजगारीका लागि बेलायत पठाउने भन्दै ४१ लाख ५० हजार लिएको देखिएको जानकारी दिए।

९ लाख रुपैयाँ बैंकिङ कसुर मुद्दामा झापा जिल्ला अदालतबाट पक्राउ पुर्जी जारी गरिएकी पोखरेललाई वैदेशिक रोजगार न्यायाधिकरणबाट वैदेशिक रोजगारसम्बन्धी थप दुई अभियोगका ३२ लाख ५० हजारको मुद्दामा पनि पक्राउ अनुमति प्रदान भएको बताए।

उनलाई ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका वडा नं. ५ बाट पक्राउ गरिएको प्रहरीले बताएको छ। उनलाई मुद्दा चलाउन वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको आचार्यले जानकारी दिए।

प्रहरीले बेरोजगार युवायुवतीहरुलाई आकर्षक तलबको प्रलोभनमा पारी रोजगारीका लागि विभिन्न देश लैजाने भन्दै लामो समयसम्म झुक्यानमा राखेर विदेश नपठाइ सम्पर्कविहीन हुने क्रम बढेको भन्दै सचेत हुन आग्रह गरेको छ।

### कारबाहीले...

समितिले गरेको निर्णयको विपक्षमा छन्। समितिमा ५ जना मध्ये २ जनाले कारवाहीप्रति असहमति जनाएका छन्।

समिति सर्वसम्मत तरिकाले नभइ एकल, गुटगत र अवैधानिक ढंगबाट चलेको इतर समूहले जिकीर छ। अनुशासन समितिले नेताहरूमाथि गरेको कारवाहीको विषयमा बिहीबार वरिष्ठ नेता डा.शेखर कोइराला समूहले बैठक गरेको छ।

बैठकले अनुशासन समितिको निर्णय नियमविपरीत र पूर्वाग्रहपूर्ण भएको भन्दै अस्वीकार गर्ने निर्णय गरेको हो। बैठकमा उपसभापति धनराज गुरुङ, सहमहामन्त्री जीवन परियार, नेताहरू अर्जुननरसिंह केसी, बलबहादुर केसी, दिलेन्द्रप्रसाद बढू, डा मीनेन्द्र रिजाल, अनुशासन समिति सदस्य सञ्जय गौतम, तेजुलाल चौधरी, रामनाथ अधिकारी, सरिता प्रसाई, मुक्ता कुमारी यादव, राजेन्द्र बजगाईं, गुरुराज घिमिरे लगायत काठमाडौंमा उपलब्ध केन्द्रीय सदस्यहरू सहभागी थिए।

छलफलले अनुशासन समितिको बहुमतले नेतामाथि गरेको कारबाही विधानसम्मत नरहेको ठहर गरेको गौतमले बताए। अनुशासन समितिमा संयोजक ढुंगाना, सदस्यहरू ईश्वरी न्यौपाने, ध्रुव वाग्ले, गौतम र राजीव कोइराला छन्। शेखर समूहका गौतम र कोइरालाले समितिको निर्णयप्रति असहमति जनाएका हुन्।

'५ जनाको अनुशासन समितिमा हामी २ जनाले असहमति जनाएका छौं', उनले मध्यान्हसँग भने 'चुनाव भएको करिब ३ वर्षमा आएर अनुशासनका नाममा पार्टीका साथीहरूलाई निष्कासनसम्मको निर्णय गर्नु दुर्भाग्य हो', उनले भने।

पार्टीका साथीहरूलाई स्पष्टीकरण सोध्ने र सचेत गराउनेसम्म गरौं र सर्वसम्मत निर्णय गरेर जाने कुरामा समितिका संयोजक ढुंगानाले नमानेको गौतमले दाबी गरे।

पार्टीको १५ औं महाधिवेशन नजिकिदै जाँदा नेता कोइराला समूहका नेता तथा कार्यकर्ताहरू माथि गरिएको कारबाहीप्रति नेताहरू सशंकित भएका छन्। सबै पक्षलाई समेटेर लाग्नुपर्ने दायित्व नेतृत्वको भएपनि कांग्रेसमा पछिल्लो पटक त्यस्तो भूमिका नदेखिएको सांसद राजेन्द्र बजगाईले बताए।

विधान अन्तर्गत पारित भएको पार्टीको नियामावलीको धारा २८को उपधारा १अनुसार निर्वाचनमा असहयोग गर्नेहरूलाई ६ महिनाभित्र कारबाही गर्ने व्यवस्था छ। तर, चुनावको करिब ३ वर्षमा कारबाहीको निर्णय गर्दै लामो समयसम्म पार्टीमा योगदान गरेका पुराना नेताहरूलाई निष्कासन गर्नु पार्टी विधान र नियामावली विपरीत भएको नेता गौतमले बताए। 'यो निर्णय पूर्वाग्राही ढंगबाट आएको छ। समितिका हामी २ जनाको यसमा गम्भीर असहमति थियो', उनले भने ' कारबाहीका सन्दर्भमा केन्द्रीय समितिमा पुनरावेदन गर्न पाउने व्यवस्था भएकाले साथीहरूले पुनरावेदन गर्नुहुन्छ होला।'

गत निर्वाचनमा अन्तर्घात गरेको आरोपमा १७ जना नेताहरूलाई विभिन्न अवधिको लागि समितिले निष्कासन गरेको छ।

गण्डकीका पूर्वमन्त्री कुमार खड्का, लुम्बिनीका महामन्त्री विक्रम खनाल, खोटाङका जिल्ला सभापति विष्णुकुमार राईलाई एक वर्ष तथा कास्कीका पूर्वसभापति कृष्ण केसीलाई ३ महिनाका लागि निष्कासन गरिएको छ। अन्य नेताहरूलाई पनि छ महिनादेखि एक वर्षसम्मका लागि निष्कासन गरिएको छ। कारबाहीमा परेका अधिकांश नेताहरू शेखर समूहका हुन्।

शेखर नेतृत्वको इतर समूहले यो कारबाहीलाई पुनः चुनावी गठबन्धन राजनीतिको तयारीस्वरूप गरिएको रणनीतिक कदम हुन सक्ने संकेत गर्दै त्यसको प्रतिरोध गर्ने चेतावनी दिएको छ। तर अनुशासन समितिका संयोजक ढुंगानाले भने आफ्ना उम्मेदवारलाई हराउन भूमिका खेलेको प्रमाणसहित आएको र लामो अध्यायन पश्चात कारबाही गरिएको बताए। 'हामीले देशभरका ५० जिल्लाबाट आएका २१ सय उजूरीको निकै लामो अध्ययान गरी यो निर्णयमा पुगेका हौं', ढुंगानाले मध्यान्हसँग भने ' पार्टीमा सधै घात-अर्न्तघात गर्ने प्रवृतिलाई रोक्न कसै न कसैले त निर्मम निर्णय लिनै पर्छ भनेर हामीले यो निर्णय लिएका हौं। यहाँ कसैप्रति पूर्वाग्रह राखिएको छैन्।'

तर इतर समूहका नेताहरूले अनुशासनको कारबाही पूर्वाग्रह र आग्रहपूर्ण तरिकाले, गुटगत स्वार्थमा आधारित भएर गरिएको आरोप लगाएका छन्। 'ठूला योगदान दिएका नेताहरूमाथि पूर्वाग्रहपूर्वक कारबाही भएको छ', नेता अर्जुननरसिंह केसीले भने, 'विधानभन्दा बाहिरका कुनै कारबाही हामी स्वीकार गर्दैनौं। हामी त्यो अन्याय हुन दिँदैनौं।'

हामी अनुशासनको पक्षमा रहेको तर अनुशासनको नाममा गुट विशेषले लादेको निर्णयलाई मान्न नसकिने केसीले बताए।

### ८८ जनाको...

'प्रदेशगत रूपमा कोशीबाट १७ जना, मधेशबाट २३ जना, बागमतीबाट ४ जना, गण्डकीबाट ३ जना, लुम्बिनीबाट ३६ जना, कर्णालीबाट ४ जना र सुदूरपश्चिमबाट १ जना गरी जम्मा ८८ जनाको निवेदन प्राप्त भएको छ', उनले भने। प्राप्त उजुरी तथा पुनरावेदनहरूको अध्ययन भइरहेको ढुंगानको भनाइ छ। 'अहिले समितिले छानबिन गरिरहेको छ', उनले भने ' आवश्यक निर्णयका लागि ती निवेदन केन्द्रीय कार्यसमितिको बैठकमा पेस भएका छन्।'

### सुस्त...

पर्याप्त अध्ययन भए/नभएको र निर्माणमा आर्थिक पारदर्शिताका विषयमा केही गलत भएको छ कि भनेर समेत अध्ययन गर्दैछन्।

उपसमितिका सुझावका आधारमा विमानस्थल सञ्चालन गर्न समितिले सरकारलाई निर्देशन दिने भनिएता पनि अध्ययन प्रतिवेदन आउन सकेको छैन। सुरुमा भएको अध्ययन छाडेर पुनः नयाँ अध्ययन भन्नुलाई कतिपयले अलमल गर्ने नियतसँग जोडेरसमेत प्रश्न गर्दै आएका छन।

उपसमिति संयोजक खाण भने उपसमितिले विमानस्थलको अनुगमनको आधारमा अध्ययन प्रतिवेदन तयार हुने बताउँछिन्। खाण नेतृत्वको उपसमितिले फेरि अध्ययन गर्दा एकातिर सुरुको योगेश भट्टराई नेतृत्वको उपसमितिले गरेको अध्ययन बेकामे बनेको छ भने अर्कोतिर एउटै कामका लागि दोहोरो खर्च हुन गएको छ।

समिति सदस्यहरूकाअनुसार भट्टराई नेतृत्वको उपसमितिले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका सम्बन्धमा अध्ययन सकेर प्रतिवेदन पनि तयार पारेको हो। तर उपसमितिले तयार पारेको प्रतिवेदन कार्यान्वयनमा जान सकेन। अर्को प्रतिवेदन तयार पार्ने कार्यमा पनि बिलम्ब भएको छ।

नेताहरूका अनुसार एउटा उपसमितिले प्रतिवेदन नै तयार गरिसकेपछि फेरि अध्ययन र अनुगमनमा गर्ने कुराले खर्च र समयको कुरा त उठेकै छ, राजनीतिक विषय पनि उठेको छ। फेरि हुने अध्ययनको काम सुस्त हुँदा पनि प्रश्न उठेको छ। जबकि भैरहवा विमानस्थलमा आवश्यकताभन्दा बढी जग्गा अधिग्रहण गरिएको निर्क्योल अघिल्लो उपसमितिले गरिसकेको छ। व्यापारिक प्रयोजन वा स्वार्थ समूहको प्रभावमा परेर बढी जग्गा लिइएको हो कि भन्ने आशंका छ। राजनीतिक संलग्नता रहेकाले त्यसलाई मिलाउन पनि फेरि अध्ययन गर्न खोजिएको हो कि भन्ने आशंका गर्नेलाई दोस्रो उपसमितिको सुस्तताले मलजल गरिरहेको छ।

### नाउपा...

पार्टीले समर्थन फिर्ता लिएको निर्णय गरेको भोलिपल्ट असार २२ गते सभामुख देवराज घिमिरेलाई भेटेर अध्यक्ष रञ्जिता श्रेष्ठसहितको टोलीले सरकारलाई दिएको समर्थन पार्टीले फिर्ता लिएको र आफूहरू प्रतिपक्षी बेञ्चमा बस्ने जानकारी गराएकी थिइन्। त्यसपछि नाउपाका सांसदहरू प्रतिनिधि सभा बैठकमा प्रतिपक्षी बेञ्चमै बस्न थालेका छन्।

पार्टीले समर्थन फिर्ता लिएको घोषणा र सभामुखलाई जानकारी गराएको भोलिपल्ट नाउपा संरक्षक रेशम चौधरीले प्रधानमन्त्री केपी शर्मा ओलीसँग बालुवाटारमा भेटवार्ता गरेका थिए भने त्यसको भोलिपल्ट असार २४ गते बूढानीलकण्ठ पुगेर चौधरीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवासँग कुराकानी गरेका थिए।

प्रधामनन्त्री ओली र सभापति देउवासँग भेटपछि चौधरी 'यु टर्न' भएको पार्टीका नेताहरू बताउँछन्। यद्यपी संरक्षक चौधरीले प्रधानमन्त्री र कांग्रेस सभापतिसँगको भेटमा गरेका विषय बाहिर आएको छैन तर दुवै जनाले चौधरीलाई सरकारबाट नबाहिरिन सुझाव दिएको बताइन्छ। दुई दिन अघिमात्र सरकारबाट बाहिरिने निर्णय गरेको पार्टी अझै सरकारमा रहिरहनु यहि कुरालाई पुष्टि गरेको नाउपाका एक नेताले बताए।

पार्टीले समर्थन फिर्ता लिने निर्णय गर्नु तर राज्यमन्त्री चौधरीले राजीनामा नदिनुको अवस्थामा नाउपा सत्ता-प्रतिपक्षी दुवैतिर भएको टिप्पणी पनि नेताहरूले गरेका छन्। पार्टीको निर्णयपछि चौधरी मन्त्रालय गएका छैनन तर सरकारी सेवा सुविधा भने लिई नै रहेका छन्।

राज्यमन्त्री चौधरी संसद गएका खण्डमा मन्त्रीहरू बस्ने स्थान सत्तापक्षको लहरमा बस्नुपर्ने हुन्छ,। जबकी पार्टी प्रतिपक्षमा बसेकोले उनलाई अप्ठयारो परेको हुन सक्ने पनि नेताहरूको भनाइ छ।

'हामीले सरकारलाई दिएको समर्थन फिर्ता लिइसक्यौं, प्रतिपक्षी बेञ्चमा बसिराखेका छौं,' अध्यक्ष रञ्जिता श्रेष्ठले भनिन। तर राज्यमन्त्रीजीले किन राजीनामा नदिएको सन्दर्भमा श्रेष्ठले अनभिज्ञता प्रकट गरिन्।

संरक्षक चौधरी निकट स्रोतका अनुसार राज्यमन्त्री चौधरीलाई उनले तत्काल राजीनामा नदिन आग्रह गरेका हुन्। सरकार छाड्ने पार्टीको निर्णयप्रति संरक्षक चौधरी सन्तुष्ट छैनन। समर्थन फिर्ता लिने निर्णय अध्यक्ष श्रेष्ठको दबाबमा भएको हो। पार्टीभित्र अध्यक्ष श्रेष्ठ र संरक्षक चौधरीबीच विवाद रहँदै आएको छ। त्यहि विवादको नयाँ शृङखलाका कारण पार्टी सत्ता या प्रतिपक्षको धर्मसंकटमा परेको हो।

अध्यक्ष श्रेष्ठ र संरक्षक चौधरी श्रीमाती-श्रीमान् भएपनि पार्टी सञ्चालनका विषयमा पटकपटक विवाद हुँदै आएको छ। पार्टीको नेतृत्व कसले गर्ने भन्ने विषयबाट दुई वर्षअघि सुरु भएको उनीहरूबीचको विवाद अहिले पनि छ। २ वर्ष अगाडि सुदूरपश्चिम प्रदेशमा कसले मुख्यमन्त्री बनाउने भन्ने विषयमा चर्किएको उनीहरूबीचको विवाद गत वैशाखमा जनमत पार्टीसँग एकता गर्ने कि नगर्न भन्ने विषयमा बल्झिएको थियो।

### संख्या...

नसकेका व्यवसायीको लाइसेन्स वैदेशिक रोजगार विभागको स्वचालित प्रणालीले निष्क्रिय गरिदिने खतरा छ।

विभागले एक महिनाअघि नै इजाजत नवीकरण प्रारम्भ गरेको बताएको छ। व्यवसायीले १० हजार रुपैयाँ शुल्क तिरेर असार मसान्तसम्ममा र प्रत्येक महिनाको १० हजार जरिवाना तिरेर असोज मसान्तसम्म इजाजत नवीकरण गर्न पाउने व्यवस्था छ। वैदेशिक रोजगार व्यवसायीहरूले विभागको प्रणालीमा कम्पनी निष्क्रिय हुनु व्यावसायिक दृष्टिकोणले ठूलो क्षति मानिने बताएका छन्।

# आयोडिनयुक्त नुनसम्बन्धी ऐन परिमार्जन गर्न सरकारलाई संसदीय समितिको निर्देशन



**काठमाडौं/मस-** प्रतिनिधि सभाअन्तर्गतको उद्योग, वाणिज्य तथा श्रम र उपभोक्ता हित समितिले आयोडिनयुक्त नुनको उत्पादन तथा वितरणसम्बन्धी कानून परिमार्जन गर्न सरकारलाई निर्देशन दिएको छ।

बिहीबार सिंहदरबारमा बसेको समितिको बैठकले यस्तो निर्देशन दिएको हो। समिति सभापति अब्दुल खानले आयोडिनयुक्त नुन, उत्पादन तथा वितरण ऐन, २०५५ समय सान्दर्भिक नरहेको, अस्पष्ट व्यवस्था रहेको तथा वर्तमान परिप्रेक्ष्यमा कार्यान्वयन गर्दा व्यावहारिक देखिएको बताए। उनले मुलुकमा आयोडिनयुक्त नुनको आपूर्तिमा समस्या नभएपनि निजी क्षेत्रलाई आपूर्ति गर्न दिने सन्दर्भमा आपूर्ति श्रृंखला, मूल्य, गुणस्तर र दुर्गम क्षेत्रमा पर्ने प्रभावबारे विस्तृत अध्ययन आवश्यक रहेको पनि बताए।

समितिले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र स्वास्थ्य मन्त्रालयलाई ऐनलाई यथाशीघ्र संशोधन गरी स्पष्ट व्यवस्था गर्न निर्देशन दिएको छ। साथै, संशोधन नभएसम्म नुनको आपूर्ति, ढुवानी तथा वितरण साविकअनुसार नै गर्न समेत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई निर्देशन दिइएको छ।

कार्यक्रममा उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आम नागरिकलाई आयोडिनयुक्त गुणस्तरी नुन उपलब्ध गराउने कुरामा सरकार प्रतिवद्ध रहेको बताए।

उनले विश्व स्वास्थ्य सङ्गठन लगायत संस्थाहरुका पछिल्ला तथ्यांकहरुले नुनसम्बन्धी नीति परिवर्तन गर्नुपर्ने देखाएको उल्लेख गर्दै यसका लागि सरकारले आवश्यक काम गरिरहेको बताए।

उनले समय समयमा बाटो बिग्रने अवस्थाका कारण दुरदराजका जिल्लाहरुमा समयमै कोटाअनुसार नुन पुऱ्याउन समस्या पर्ने गरेको बताए।

उनले भने, 'विश्व स्वास्थ्य संगठनले दिएका पछिल्ला तथ्यांकहरुले पनि अब हामीले नुनसम्बन्धी नीतिहरु परिवर्तन गर्नुपर्ने हो कि जस्ता संवेदनशील कुराहरु आएका छन्। यी सबै तथ्यांकहरुमा छलफल गरेर सरकारका लागि अब के आवश्यक हो त भन्ने कुराको एउटा योजना बनाउनुपर्छ। त्यसका लागि हामी गम्भिर भएर लाग्छौं भन्ने कुराको प्रतिवद्धता व्यक्त गर्छौं।' अहिले नुनसम्बन्धी दायित्व अर्को मन्त्रालयअन्तर्गत भएपनि यस्ता संवेदनशील विषयमा हामी सबै जिम्मेवार हुनुपर्ने उनले बताए।

उनले भने, 'अहिले पनि नुनको मूल्यमा देशभर एकरुपता छैन। राज्यले सहुलियत दिएकै कारण काठमाडौंमा २६ रुपैयाँमा पाइने नुन बाजुरामा ९ रुपैयाँमा पाइन्छ। यो कुरालाई पनि बुझ्नुपर्छ। दुर्गम जिल्लाहरुमा नुन पुग्दासम्म लामो समय लाग्ने र बीचमा बाटो बिग्रिएको कारण कोटाअनुसार नुन पुर्याउन नसकिएको पनि सत्य हो। लामो समयसम्म बाटो बन्द हुँदा बाजुराका लागि लगिएको नुन अन्यत्र पठाउनुपर्ने पनि हुन्छ।'

# 'राष्ट्रिय महाधिवेशनले पारित गरेको विषयमा प्रश्न उठाउनु संगठनात्मक अराजकता'




**काठमाडौं/मस-** नेकपा एमालेका महासचिव शंकर पोखरेलले पार्टीको १०औं राष्ट्रिय महाधिवेशनले पारित गरेको विधानका विषयमा प्रश्न उठाउनु संगठनात्मक अराजकता भएको बताएका छन्।

आगामी भदौमा हुने भनिएको विधान महाधिवेशनको तयारीका सन्दर्भमा बिहीबार ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा जनसंगठनका इन्चार्ज र पदाधिकारीहरुको भेलालाई सम्बोधन गर्दै उनले आफू सहभागी भएर पारित गरेको विधानका बारेमा प्रश्न उठाउनु संगठनात्मक अराजकता भएको बताए।

महासचिव पोखरेलले विधान महाधिवेशनले अन्तिम रुप दिएका कतिपय प्रावधान तत्कालीन आवश्यकताका आधारमा राष्ट्रिय महाधिवेशनले संशोधन गर्न सक्ने धारणा राखे। 'दुवै महाधिवेशनका प्रतिनिधि भएर त्यस्ता प्रावधान आफैं अनुमोदन गर्ने अनि अहिले आफैं प्रश्न गर्दै हिँड्ने कुरा अनैतिक हो,' उनले भने,'राष्ट्रिय महाधिवेशनले पास गरेका विषयमा टिप्पणी गर्दै हिँड्ने कुरा अनुशासनहीन र अराजक हो। जसले यस्ता गतिविधि गर्दछ त्यसको प्रतिवाद गर्नुपर्दछ।'

उनले पार्टी र नेतृत्व विरुद्धको आक्रमण गतवर्ष पार्टीका अध्यक्ष केपी शर्मा ओलीले सरकारको नेतृत्व गरेदेखि झनै बढेको बताए। एमाले सरकारमा रहेको धेरैलाई मन नपरेकाले अनेक लाञ्छना लगाएर हरेक दुई महिनामा सरकार परिवर्तनको हल्ला फैलाइने गरेको उनको भनाइ छ।

'विधान महाधिवेशन हो राष्ट्रिय महाधिवेशन होइन। त्यसैले अहिले कुनै नेताका नाममा कित्ताकाट हुनु जरुरी छैन', उनले भने, 'जतिबेला जे काम पर्छ त्यही गर्नुहोस। नीति र नेतृत्व निर्माणको भिन्नता नेताहरुले थाहा पाउनुहोस।' महासचिव पोखरेलले जनसंगठनमा हालै भएका महाधिवेशनका दस्तावेज केन्द्रीय कार्यलयमा साता दिनभित्र पठाउन निर्देशनसमेत दिए। पार्टी स्थायी कमिटी सदस्य एवं जनसंगठन संयन्त्रका प्रमुख भानुभक्त ढकालले पार्टीको निर्णयविरुद्ध नबोली नेता भइँदैन भन्ने मानसिकता त्याग्न आग्रह गरे। भेलालाई केन्द्रीय सदस्यद्वय विष्णु रिजाल, रचना खड्कालगायतले पार्टीको विधि र विधान विपरीत नबोल्न नेता तथा कार्यकर्तालाई आग्रह गरे।

# थवाङका प्रमुख कार्यकारी अधिकृतसहित सबै कर्मचारी सम्पर्कमा



**रुकुम पूर्व/मस-** रोल्पाको थबाङ गाउँपालिकाबाट सम्पर्कविहीन रहेका सातै जना कर्मचारी सम्पर्कमा आएका छन्।

विगत तीन दिनदेखि सम्पर्कविहीन भएका भनिएका रोल्पास्थित थबाङ गाउँपालिकाका प्रमुख कार्यकारी अधिकृतसहित सात जना कर्मचारी सम्पर्कमा आएका हुन्। उनीहरू बिहीबार गाउँपालिकाको सम्पर्कमा आएका हुन्।

गाउँपालिका अध्यक्ष ऋषिकेशब बुढामगरलाई प्रमुख प्रशासकीय अधिकृत हेमराज घर्तीमगरले फोन गरेर आफूहरू सकुशल अवस्थामा रहेको जानकारी गराएका हुन्। गाउँपालिका अध्यक्ष बुढाले प्रमुख प्रशासकीय अधिकृत घर्तीसहित सबै कर्मचारी सम्पर्कमा आइसकेको बताए।

'मलाई आज बिहान ७ बजेर ५ मिनेटमा हाकिमले आफैँ फोन गर्नुभयो र हामी गुल्मी जिल्लामा छौं, आज कार्यालयतिर फर्किंदै छौं भनेर भन्नुभयो,' अध्यक्ष बुढाले भने, 'मैले किन यति दिनसम्म फोन अफ गरेर बस्नु भयो? के समस्या भयो ? भनेर प्रश्न गर्दा फोन काट्नु भयो, त्यसपछि उहाँसँग सम्पर्क भएको छैन।' त्यसअघि प्रमुख प्रशासकीय अधिकृत घर्ती रोल्पाका प्रमुख जिल्ला अधिकारी बासुदेव दाहालको सम्पर्कमाआएर आफूहरू सकुशल अवस्थामा रहेको जानकारी गराएका थिए।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत घर्तीसहित सहायक प्रशासन पाँचौं तहका हरिष माझी, सह-लेखापाल यज्ञप्रसाद कँडेल, सब-इन्जिनियर चन्द्र प्रकाश ओली, निशा आचार्य, शिवकुमार ओली र सवारी चालक प्रदीप केसी सम्पर्कविहीन भएका थिए। थबाङ गाउँपालिका अध्यक्ष बुढामगरले बुधबार विज्ञप्ति नै जारी गरेर सम्पर्कमा आउन भनेका थिए।

रोल्पा निवासी प्रमुख प्रशासकीय अधिकृत घर्ती करिब ३२ महिनादेखि उक्त गाउँपालिकामा कार्यरत छन्।

# १२ दलले आज प्रदर्शन गर्ने



**काठमाडौं/मस-** प्यालेस्टाइनमाथिको आक्रमण र इरानमाथिको हमलाविरुद्ध नेकपा (माओवादी केन्द्र)सहित १२ राजनीतिक दल, संस्था तथा नागरिकको आयोजनामा शुक्रबार काठमाडौंमा प्रदर्शन हुने भएको छ।

प्रदर्शनीमार्गमा प्रदर्शन गर्ने कार्यक्रम तय भएको नेकपाका प्रवक्ता खड्गबहादुर विश्वकर्मा प्रकाण्डले बताए। उनका अनुसार जुलुस दिउँसो साढे १ बजे शान्तिबाटिबाट सुरु हुनेछ।

शान्तिबाटिका, जमल, घण्टाघर, बागबजार, पुतलीसडक हुँदै प्रदर्शनी मार्गमा पुगेर जुलुस सभामा परिणत हुनेछ।

कार्यक्रमलाई नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एसका अध्यक्ष माधव नेपाल, नेकपाका महासचिव विप्लवलगायतका शीर्ष नेताहरूले सम्बोधन गर्नेछन्। यसअघि शनिबार बसेको विभिन्न पाँच कम्युनिस्ट पार्टीहरूको बैठकले काठमाडौंमा संयुक्त विरोधसभा गर्ने निर्णय गरेको थियो।

# रसुवा बाढी : विस्थापित ९ सय जना सुरक्षित स्थानमा



**काठमाडौं/मस-** रसुवाको भोटेकोशीमा आएको बाढीबाट विस्थापित करिब ९ सय जनालाई सुरक्षित स्थानमा सारिएको छ। सशस्त्र प्रहरीसहितको सुरक्षाकर्मीले अस्थायी पदमार्ग बनाई ४ सय ८५ भन्दा बढिलाई सुरक्षाकासाथ गन्तव्यतर्फ पुऱ्याएको सशस्त्र प्रहरी बलका सह प्रवक्ता डिएसपी शैलेन्द्र थापाले जानकारी दिए। साथै भन्सार कार्यालय यार्डमा फसेका २ वटा कन्टेनर र १ ईभि गाडीलाई सुरक्षित स्थानमा सारिएको छ।

भोटेकोशी नदीमा आएको बाढीले ठूलो जनधनमा क्षति पुऱ्याउनुकोसाथै बाढीमा परी सुरक्षाकर्मीसहित स्थानीय सर्वसाधारण बेपत्ता भएका छन्। बेपत्ता भएकाहरूमा ३ सुरक्षाकर्मीसहित १४ जना नेपाली र ६ जना चिनियाँ नागरिक छन्। हालसम्म ४ जनाको शव फेला परेको छ भने ५ वटा मानव अङ्ग मात्र फेला परेको छ। फेला परेको शवमध्ये १ वटा शवको मात्र पहिचान हुन सकेको छ भने अन्य शव र मानव अङ्ग त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा राखिएको छ।

उक्त शव तथा मानवअंग धादिङ्गको गजुरी गाउँपालिका-६ बेल्खु, गल्छी गाउँपालिका-२ केउरेनिटार, बेनिघाट रोराङ गाउँपालिका-३ लामाबगर र चरौदी, गजुरी गाउँपालिका-२ मलेखु, नुवाकोट जिल्लाको विदुर-३ शिरखाली र मरनपाटी, रसुवाको उत्तरगया गाउँपालिका-५ उत्तरगयाधाम खोलाको किनारा तथा त्रिशूली नदिको किनारामा फेला परेको थियो।

ल्हेन्दे खोलामा आएको लेदोसहितको बाढी भोटेकाशीमा मिसिदा सो नदीले उग्ररुप लिई रसुवा जिल्लाको गोसाईकुण्ड गाउँपालिका-२ रसुवागढीमा रहेको नेपाल-चीन जोड्ने पुलमा समेत क्षति पुऱ्याएको छ। नेपाल-चीन भन्सार नाका जोड्ने बाटो हाल अवरुद्ध भएको छ। उक्त क्षेत्रमा विद्युतीय लाइन अवरुद्ध छ भने सञ्चारका साधनहरूले समेत काम गर्न छाडेको छ।

सो क्षेत्रमा उद्धारको लागी नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा स्थानीय सर्वसाधारण समेत खटिएका छन्। नेपाली ५० जना, चिनियाँ नागरिक एक जना र भारतीय नागरिक ४ जना गरी ५५ जनाको असार २४ गते सकुशल उद्धार गरिएको छ। उद्धार गरिएकामध्ये ४ महिला र ५१ पुरुष छन्। २३ जनालाई नेपाली सेनाको हेलिकपटरद्धारा सकुशल उद्धार गरिएको छ भने अन्य व्यक्तिलाई विभिन्न उद्धार सामाग्रीको सहयोगले उद्धार गर्न सफल भएको छ।

त्यस्तै भोटेकोशी नदीमा आएको बाढीले जोखिमा रहेका घरपरिवारका १ सय ६५ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। विभिन्न निजी कम्पनीको

भोटेकोशीमा आएको बाढीले ४२ वटा ईभी गाडी, २३ वटा कार्गोसहितको कन्टेनर ट्रक, ६ वटा ट्रक लगायत लोडर, एक्जाभेटर, ८ वटा हेभी इक्युपमेन्ट, ३० वटा वेल्डिङ मेसीन र २० वटा ग्राण्डिङ मेसिन बगाएको छ।

भन्सार क्षेत्रमा रहेको ईभी गाडीका चार्जिङ्ग स्टेसन, रसुवागढी जलविद्युत आयोजनाको ड्याम, हेडवर्क्स र लेवर क्याम्प, चिलिमे जलविद्युत आयोजनाको सुरुङ्गमार्गमा समेत क्षति पुऱ्याएको छ।

# बाढीले क्षतिग्रस्त कुलो र सडक मर्मत सुरु



**मुस्ताङ/मस-** उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकाले बाढीले क्षति पुऱ्याएको कुलो तथा सडक लगायतकासंरचना मर्मत सुरुआत गरेको छ। बाढीले क्षतिग्रस्त स्थानमा त्यहाँका जनप्रतिनिधि, कर्मचारी र सुरक्षा निकायले बुधबार संयुक्त अनुगमन गरेका थिए। त्यसपछि बिहीबारदेखि त्यहाँ बाढीले क्षति पुऱ्याएको सिँचाइ कुलो तथा अवरुद्ध शाखा सडक खुलाउन लोमान्थाङ गाउँपालिका जुटेको हो।

उपल्लो मुस्ताङको लोमान्थाङ-४ सम्जुङ गाउँमाथिको लेंकबाट बग्ने छुआमा खोलाबाट अचानक लेदोसहितको भीषण बाढी आएपछि त्यहाँको सडक तथा पुलपुलेसा र सिँचाइ कुलो ध्वस्त भएको थियो। गाउँपालिका अध्यक्ष टसीनर्बु गुरुङले लोमान्थाङ-२ छोसेर र लोमान्थाङ-४ न्याम्डोक गाउँमा लेदोसहितको बाढीले किसानहरूका सिँचाइ कुलो ध्वस्त पारेको बताए।

बाढीले सिँचाइ कुलो ध्वस्त पारेपछि त्यहाँका किसानहरू निकै ठूलो समस्यामा परेको अध्यक्ष गुरुङको भनाइ छ। बाढीले लोमान्थाङ रिङरोड सडकअन्तर्गत आर्का-भार्सा जोड्ने सडक अवरुद्ध भएको बताए। लोमान्थाङ गाउँपालिकाले त्यहाँ पुर्यायको क्षतिको अनुगमन तथा मूल्यांकन सुरु गरिसकेको छ। त्यहाँ गाउँपालिकाले गर्नसक्ने जति सबै काम तत्काल सुरु गर्ने गरी दुई वटा डोजर परिचालन गरिसकेको अध्यक्ष गुरुङको भनाइ छ।

# श्रम डेस्क सञ्चालन कार्यविधि निर्माणका लागि कार्यशाला



**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, २६ असार

बर्दियाको गेरुवा गाउँपालिकामा श्रम डेस्क सञ्चालन कार्यविधि निर्माणका लागि कार्यशालाको आयोजना गरिएको छ। गाउँपालिकाको समन्वय तथा एक्सन एड र कमैया महिला जागरण समाजको साझेदारीमा सञ्चालित स्थानीय अधिकार कार्यक्रमअन्तर्गत कार्यशालाको आयोजना गारिएको हो।

श्रमिकहरुको सुनिश्चितताका लागि पालिकालाई उत्तरदायि र कानुनी प्रक्रिया सहज बनाउनका लागि कार्यशालाको आयोजना गरिएको हो। सो अवसरमा नेपालमा श्रमकानुको इतिहास, श्रम ऐन २०४७ (संशोधन २०७५)मा भएको मुख्य प्रावधान र स्थानिय सरकार सञ्चालन ऐन २०७४ मा भएको रोजगारी तथा श्रमिकसँग सम्बन्धित मुख्य व्यवस्थाका बारेमा सहजीकरण गरिएको थियो।

कार्यशालामा गाउँपालिका अध्यक्ष जमान सिंह केसी, उपाध्यक्ष लक्ष्मी कुमारी चौधरी, प्रमुख प्रशासकीय अधिकृत नरबहादुर चन्द, पालिकाका ६ वटै वडाका वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, विभिन्न शाखाका शाखा प्रमुखहरु, नागारिक सरोकार मञ्चका पदाधिकारीहरुलगायतको सहभागिता रहेको थियो।

# मास्केको चित्रकला बेलायतमा प्रदर्शन



**काठमाडौं/मस-** आध्यात्मिक र दैविक विषयका क्षेत्रमा चित्र कोर्ने चित्रकार सितु मास्के देशारको पहिलो एकल चित्रकला प्रदर्शनी 'स्प्रिच्युअल पाथ'को बेलायतमा प्रदर्शनी गरिएको छ।

बेलायतको केन्ट प्रदेशको फोक्सटन नेप्लिज कम्युनिटी सेन्टको प्रदर्शनी कक्षमा आयोजित कार्यक्रममा चित्रकार मास्केका १० वटा चित्रहरू प्रदर्शनीमा राखिएको हो। मास्केले कोरेकी चित्रहरूमार्फत जीवनलाई अध्यात्म र आत्मिक विषयसँग जोडिएको छ।

बेलायको फोक्सटनका उपमेयर तथा फोक्सटन हायातका डिस्ट्रिक काउन्सलर ज्याकी मिडिको प्रमुख आतिथ्यतामा भएको प्रदर्शनीमा फोक्सटन जिल्लाका अधिकारी लुसी मेकगर, बेलायती वरिष्ठ चित्रकार क्रिस बोन, फोक्टन नेपाली समाजका पूर्वअध्यक्ष झपिन्द्र थापा, कोषाध्यक्ष विक्रम राई, बिएफबिएस गोर्खा रेडियोका प्रमुख विनोदध्वज खड्का, चित्रकार अजय देशारसहित फोक्सटन तथा फोक्सटन हायात क्षेत्रका पूर्वप्रमुख र पूर्वअधिकारीहरूको उपस्थिति थियो। क्याप्टेन राम बहादुर पुनको सभापतित्वमा भएको प्रदर्शनीको उद्घाटन कार्यक्रममा नेपाली मूलका ब्रिटिस आर्मी तथा पूर्वब्रिटिस आर्मीहरूको पनि उपस्थिति थियो।

त्यस अवसरमा चित्रकार मास्केले चित्रकलामार्फत जीवन दर्शन मात्र नभई धेरै विषय व्यक्त गर्न सकिने भएकोले आफूले वैदिक र आत्मिक विषयलाई केन्द्रित गरेको बताइन्। चित्रकार मास्केले बेलायतका विभिन्न क्षेत्रमा चित्रकला कार्यशाला तथा चित्रकला सेसनमा सहभागी हुने कार्यक्रम रहेको जानकारी दिइन्।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०९/०२ मा दर्ता भएको **प्रा. लि. नं. २०४६३६** को **ओप ट्याक्सी तथा यातायात सर्भिस प्रा. लि.** को मिति २०८२/०२/१५ गतेमा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया,**
**इजाजतपत्र नं. २८७, फोन नं. ९८५११६३७२३**

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**सूचना प्रकाशन मिति : २०८२/03/२७ गते**

यस श्री शिखर कोषढुङ्गा सा. व. उ. स. वनबाट उत्पादन भई समूहको घाटगद्धीमा राखिएको साल जातको चिरान काठ ए ग्रेड ४५० थान ४२१.४७ गरि जम्मा ४५० थान ४२१.४७ क्यु.फि काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ।

**श्री शिखर कोषढुङ्गा सा. व. उ. स., चौ. न. पा. -०१, उदयपुर**

**काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**सूचना प्रकाशन मिति : २०८२/03/२७ गते**

यस श्री गौरीखर्क सा. व. उ. स. वनबाट उत्पादन भई समूहको घाटगद्धीमा राखिएको साल जातको चिरान काठ ए ग्रेड ४८२ थान ४०६.८१ गरि जम्मा ४८२ थान ४०६.८१ क्यु.फि काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आहवान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सूचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ।

**श्री गौरीखर्क सा. व. उ. स., बे. न. पा. ३,६ उदयपुर**

मध्यान्ह
www.madhyanhadaily.com
२७ असार २०८२ शुक्रबार
11 July 2025, Friday

## सम्पादकीय

# मूल्यहीन अभिव्यक्तिको अन्तर्य

प्रधानमन्त्री केपी शर्मा ओलीले केही दिन अगाडि एक कार्यक्रममा दिएको अभिव्यक्ति चर्चामा छ । प्रधानमन्त्री ओलीले आफू अध्यक्ष रहेको नेकपा एमालेको पर्यटन विभागले गरेको कार्यक्रममा भगवान शिव हलेसीतिरका चाम्लीङ हुन सक्ने बताएका थिए । हलेसीमा चाम्लीङ समुदाय बस्ने भएकाले भगवान शिवबारे प्रधानमन्त्री ओलीले त्यस्तो अड्कल गरेका थिए । सँगै भगवान राम चितवनको ठोरीमै जन्मिएको बताएका थिए । हिन्दू धर्म ग्रन्थ रामायणमा वर्णित रामबारे ओलीले यस्तो बताउन थालेको धेरै वर्ष भइसक्यो । उनले सरकारकै लगानीमा राम मन्दिर स्थापनामा लगानी पनि गरेका छन् । यस्तो अभिव्यक्तिका कारणले प्रधानमन्त्री ओली निरन्तर विवादमा छन् । छिमेकी भारतलाई प्रधानमन्त्रीको यही अभिव्यक्तिका कारणले प्रष्टोक्ति समेत दिनु परेको थियो । तर ओलीले राम ठोरीमा जन्मिएको बताउन छाडेका छैनन् ।

केही महिना अगाडि कोशी प्रदेश सभालाई सम्बोधन गर्दै ओलीले भगवान शिव हलेसीमा जन्मिएको तर्क गरेका थिए । हलेसीमा शिव जन्मिएकै कारणले महादेवस्थान मन्दिर रहेको तर्क गरेका थिए । आफ्नो यो दावीलाई थप बलियो बनाउनेगरी ओलीले शिव हलेसीतिरका चाम्लीङ भएको अनुमान गरे । अरू थुप्रै धार्मिक पात्रहरूको जन्म नेपालमा भएको प्रधानमन्त्री ओलीले दावी गरेका छन् । प्रधानमन्त्री ओलीको यस्तो अभिव्यक्तिलाई आमसाधरणले रमाइलोका रूपमा लिएको देखिन्छ । कसैले पनि गम्भीरताका साथ लिएको पाइदैन । यो ठूलो विडम्बना हो । देशका प्रधानमन्त्रीको अभिव्यक्ति हाँसोको विषय अथवा रमाइलो किस्सा बन्दै जानु राम्रो होइन ।

प्रधानमन्त्रीको अभिव्यक्ति अर्थपूर्ण हुनुपर्ने हो । नागरिकले भरोसा र विश्वास गर्नुपर्ने हो । तर देशको कार्यकारी प्रमुख जस्तो व्यक्तिको अभिव्यक्तिलाई कुनै हास्य कलाकारलाई जति पनि मूल्य नदिइनु चानचुने समस्या होइन । प्रधानमन्त्री बोल्छन्, र त्यसलाई आमसाधरणले मजाक मान्छन्, यो सामान्य विषय होइन । र प्रधानमन्त्री ओली यसरी हाँसोको पात्र बन्नुमा उनकै भूमिका जिम्मेवार छ । धार्मिक विषयलाई मजाक मान्ने, कुनै धार्मिक गुरू जसरी व्याख्या गर्ने र अनावश्यक दावी गर्ने कार्यमा प्रधानमन्त्री ओली अग्रसर हुँदै आए । अरू राजनीतिक विषयलाई पनि ओलीले कहिल्यै गम्भीरताका साथ लिएनन् । त्यसैले अहिले धार्मिक सम्वेदना जस्तो विषयमा जथाभावी बोल्दा पनि आम साधरणले मजाकको विषय माने । गम्भीर रूपमा लिएनन् । यसलाई प्रधानमन्त्री ओली र उनको टीमले अध्ययनको विषय बनाउन जरूरी छ ।

# प्राकृतिक विपद्बाट जोगिन पूर्वतयारी

*हामी प्राकृतिक विपत्तिलाई नियतिवादसँग जोड्ने गर्छौं र पूर्वतयारीको कुरा पछि साछौं जबकि, आधुनिक विपद् व्यवस्थापनको मूलमन्त्र नै हो- विपत्तिपछि उपचारभन्दा अगाडि पूर्वतयारी...*

**अग्रलेख**



● जीवन शर्मा

प्राकृतिक विपत्ति भनेको मानव नियन्त्रणभन्दा बाहिर हुने र वातावरण, जनजीवन, सम्पत्ति तथा पूर्वाधारमा गम्भीर क्षति पुऱ्याउने घटना हो । भूकम्प, बाढी, पहिरो, डुबान, खडेरी, आगलागी, हिमपात, हावाहुरी, चट्याङ, महामारीजस्ता घटनाहरू नेपालजस्तो भौगोलिकरूपमा विविधतापूर्ण देशका लागि कुनै नौलो कुरा होइन । यस्ता विपत्तिहरूले जनधनको क्षति मात्र होइन, सामाजिक संरचना, मनोवैज्ञानिक अवस्था र आर्थिक गतिशीलतालाई समेत गम्भीर असर पार्छन् । तर विडम्बना, हामी यस्ता विपत्तिलाई नियतिवादसँग जोड्ने गर्छौं र पूर्वतयारीको कुरा पछि साछौं । जबकि, आधुनिक विपद् व्यवस्थापनको मूलमन्त्र नै हो- विपत्तिपछि उपचारभन्दा अगाडि पूर्वतयारी ।



नेपालमा हरेक वर्ष बाढी र पहिरोले सयौं मानिसको ज्यान जान्छ । सयौं परिवार विस्थापित हुन्छन् । भूकम्पको अनुभूति पनि २०७२ मा हामीले गहिरोसँग गऱ्यौं । स्वास्थ्य, शिक्षा, यातायातजस्ता पूर्वाधारहरू तहसनहस भए । जनधनको क्षति मात्रै होइन, राज्यको क्षमता र प्रतिक्रियाशीलता पनि परीक्षणमा पऱ्यो । त्यसैले अब यस्ता घटनाबाट सिकेर अघि बढ्नु आवश्यक छ । जोखिम कम गर्ने, सतर्कता बढाउने र पूर्वतयारीलाई नीतिगत, प्राविधिक र व्यवहारिकरूपमा आत्मसात गर्नु वर्तमानको आवश्यकता हो ।

पूर्वतयारी भनेको केवल राहत सामग्री थुपार्ने कुरा होइन, यो एक समग्र प्रक्रिया हो, जसले जोखिमको पहिचान, चेतना अभिवृद्धि, पूर्वसूचना प्रणाली, पूर्वाधारको सुदृढीकरण, समन्वय क्षमता विकास, संस्थागत तयारी र समुदायको सहभागिता समेट्छ । सबैभन्दा पहिला आवश्यक हुन्छ- जोखिमको पहिचान । कुन क्षेत्र, कुन प्रकारको विपत्तिको उच्च जोखिममा छ भनेर थाहा नभई तयारी गर्न सकिँदैन । नेपालमा अहिले पनि धेरै स्थानीय तहहरूले आफ्ना क्षेत्रमा जोखिमको वैज्ञानिक मूल्यांकन गरिसकेका छैनन् । केहीले नक्शा बनाएका छन्, तर व्यवहारमा उतार्न सकेका छैनन् । यसले तयारी कमजोर बनाउँछ ।

प्राकृतिक विपत्ति कहिले आउँछ भन्ने सुनिश्चित गर्न सकिँदैन, तर जहिलेपनि आउन सक्छ भन्ने बोध समाजमा हुनुपर्छ । विद्यालयको पाठ्यक्रमदेखि सञ्चारमाध्यम, सामाजिक सञ्जाल र स्थानीय कार्यक्रममा विपद्बारे सचेतना फैलाउनु आवश्यक छ । बालबालिका, महिलाहरू, वृद्धवृद्धा तथा अपाङ्ग व्यक्तिहरू विपत्तिका बेला बढी प्रभावित हुन्छन्, तसर्थ उनीहरूका लागि विशेष तयारी आवश्यक हुन्छ । सरसफाइ, सुरक्षित स्थानमा पुग्ने तरिका, प्राथमिक उपचारका सीप, उद्धारकालीन सम्पर्क नम्बरहरू सबैले जान्नुपर्छ ।

नेपालमा जल तथा मौसम विज्ञान विभागले बाढीको पूर्वानुमान गर्छ, तर यो सूचना कति प्रभावकारी ढंगले स्थानीय समुदायसम्म पुग्छ ? कहिलेकाहीँ सूचना ढिलो आउँछ, कहिलेकाहीँ बुझिने भाषामा हुँदैन । समुदायमै आधारित अलार्म प्रणाली, चेतावनी बोर्ड, रेडियो वा मोबाइलमार्फत सतर्क सन्देश प्रणाली सुदृढ गर्न आवश्यक छ । स्थानीय भाषामा, सहज ढंगले सन्देश दिन सकिने व्यवस्था हुनुपर्छ । मोबाइल एप्लिकेशन र डिजिटल सूचना प्रणालीलाई गाउँसम्म लैजान सकिने उपाय खोजिनुपर्छ ।

घर निर्माणदेखि सरकारी भवनसम्म, स्कूल, अस्पताल, पुल, सडक सबै विपत्ति प्रतिरोधी हुनुपर्छ । भूकम्प प्रतिरोधी भवन निर्माण मापदण्ड धेरै ठाउँमा पालना गरिएको छैन । पहिरो रोक्ने ढल व्यवस्थापन, बाढी रोक्ने तटबन्ध वा डाइभर्शन प्रणाली धेरै ठाउँमा कमजोर छन् । कतिपय ठाउँमा बस्ती नै नदी किनार, पहिरो सम्भावित स्थान वा जोखिमयुक्त भू-भागमा बसालिएको छ । जोखिमयुक्त बस्तीको स्थानान्तरण, सुरक्षित आवासको निर्माण, संरचनाको नियमित मर्मत तथा निरीक्षण गर्न आवश्यक छ ।

> *प्राकृतिक विपत्ति कहिले आउँछ भन्ने सुनिश्चित गर्न सकिँदैन, तर जहिलेपनि आउन सक्छ भन्ने बोध समाजमा हुनुपर्छ । विद्यालयको पाठ्यक्रमदेखि सञ्चारमाध्यम, सामाजिक सञ्जाल र स्थानीय कार्यक्रममा विपद्बारे सचेतना फैलाउनु आवश्यक छ...*

जब विपत्ति आउँछ, पहिलो घडीमै उद्धारमा ढिलाइ हुँदा धेरै ज्यान जान सक्छ । उद्धार टोली, औजार, सवारीसाधन, स्वास्थ्यकर्मी, राहत सामग्री सबै तयारी अवस्थामा राख्नुपर्छ । स्थानीय तहमै विपद् व्यवस्थापन समिति, प्राथमिक उपचारको तालिम लिएका स्वयंसेवक, सुरक्षित स्थानको पहिचान र सिमुलेसन अभ्यास गरिनु आवश्यक छ । विशेष गरी विपत्ति आएको ७२ घन्टा सबैभन्दा संवेदनशील हुन्छ, त्यस समयमा उद्धारको गति अत्यन्तै महत्वपूर्ण हुन्छ । त्यसैले तालिमप्राप्त, अभ्यस्त टोली तयार राख्नुपर्छ ।

धेरैजसो विपत्तिमा सडक अवरुद्ध हुन्छ, बिजुली र सञ्चार सेवा बन्द हुन्छन् । जसले उद्धारलाई झन् कठिन बनाउँछ । वैकल्पिक सञ्चार संयन्त्र, जस्तै स्याटेलाइट फोन, वायरलेस, सामुदायिक रेडियो, ड्रोनमार्फत निगरानी जस्ता प्रविधि तयार राख्न सकिन्छ । बाढीका बेला प्रयोग गर्न सकिने बोट, मोटरबोट, डुंगा, पक्की पुल, ह्युमन चेन तालिम पनि प्रयोगमा ल्याउन सकिन्छ ।

नेपालमा विपद् व्यवस्थापनसम्बन्धी नीति र कानुन छन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ लागू गरिएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण गठन गरिएको छ । तर, स्थानीय तहमा नीति कार्यान्वयन गर्ने स्रोत, जनशक्ति र क्षमता अभाव छ । विपत्तिका बेला केन्द्र-प्रदेश-स्थानीय तहबीच समन्वयको अभावले उद्धार ढिलो हुन्छ । त्यसैले, कानुनी अधिकार स्पष्ट, स्रोत विनियोजन व्यवस्थित र समन्वय संयन्त्र गतिशील हुन आवश्यक छ ।

विपत्तिपछि राहतको नाममा स्रोत खोज्ने चलन धेरै ठाउँमा देखिन्छ । जबकि जोखिमको पूर्वमूल्यांकन गरेर त्यसका लागि आवश्यक कोष पहिले नै विनियोजन हुनुपर्छ । विपद् बीमा प्रणाली, दातृ सहयोग व्यवस्थापन, आपतकालीन राहत कोष, 'क्यास रेजर्भ' प्रणालीजस्ता वित्तीय तयारी आवश्यक छन् । यसले विपत्ति पछि तत्काल राहत र पुन:स्थापनामा सहजता ल्याउँछ ।

विपत्तिपछि मानिसमा मानसिक आघात, डर, तनाव, आक्रोश, बेहोसी र निराशा बढ्छ । यस्तो अवस्थाको सामना गर्न मानसिक स्वास्थ्य सेवा, परामर्श, मनोसामाजिक समर्थन कार्यक्रमहरू पनि तयारीका अंग हुनुपर्छ । यस्ता सेवा दिने स्वयम्सेवक तयार गर्नु, बाँच्नेलाई सामाजिक पुन:एकीकरणमा सघाउनु, सामूहिक मनोबल बलियो बनाउन अभियान सञ्चालन गर्नु आवश्यक छ ।

दीगो पूर्वतयारीमा शिक्षा, अनुसन्धान र प्रविधिको प्रयोग आवश्यक छ । विपद् जोखिमको वैज्ञानिक अध्ययन, भूगर्भशास्त्रीय मूल्याङ्कन, जलवायु परिवर्तनका असर, प्रकोपको प्रवृत्ति, प्रवाहको दिशा आदिबारे अनुसन्धान आवश्यक छ । यस्ता अनुसन्धानलाई सरकारी नीति निर्माणसँग जोड्नुपर्छ । स्मार्ट प्रविधिको प्रयोग, न्क्ष्क नक्शा, डाटा विश्लेषण, मोबाइल एप्स, डिजिटल सेन्सर आदि प्रयोग गरी समुदायमै आधारित पूर्वतयारी बढाउन सकिन्छ । पूर्वतयारी केवल सरकारको जिम्मेवारी होइन, समुदाय, नागरिक समाज, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संस्थाहरू सबैको साझा भूमिका रहन्छ । विद्यालयमा विपद् शिक्षा, घर-घरमा प्राथमिक उपचार सामग्री, निजी कम्पनीको सामाजिक उत्तरदायित्व, सञ्चार माध्यमको भूमिका, रेडक्रसजस्ता संस्थाको अभ्यस्त टोली सबै एकीकृत भएर अघि बढ्दा मात्रै प्रभावकारी पूर्वतयारी सम्भव हुन्छ । नेपालले हरेक वर्ष विपत्तिबाट पाठ सिक्ने अवसर पाएको छ, तर त्यसलाई स्थायीत्वमा रूपान्तरण गर्ने दृष्टिकोणमा कमी देखिन्छ । हामी 'विपत्तिपछि चर्को सक्रियता' र 'विपत्तिपूर्व मौनता'को चक्रबाट बाहिर निस्कनुपर्छ । योजना बनाउने, अभ्यास गर्ने, समीक्षा गर्ने र निरन्तर सुधार गर्ने संस्कृति विकास गर्नुपर्छ । विपत्ति होला भनेर पर्खनु हुँदैन, त्यसभन्दा पहिला तयार रहनु बुद्धिमानी हो । किनभने विपत्ति नआउला भन्न सकिँदैन, तर आउँदा त्यसको प्रभाव कम गर्न सकिन्छ, यदि तयारी छ भने । यही तयारी नै सच्चा सुरक्षा हो ।

## इतिहासमा आज

११ जुलाई २०१५ मा जोआकिन 'एल चापो' गुज्मान मेक्सिकोको निकै सुरक्षित मानिने अल्टिप्लानो जेलबाट भागेका थिए । गुज्मान भागेको यो दोस्रो घटना थियो ।




११ जुलाई २०११ मा साइप्रसको जाइगीमा विस्फोटक पदार्थका ९८ कन्टेनर विस्फोट हुँदा १३ जनाको मृत्यु भएको थियो ।



११ जुलाई २०१० मा इस्लामिक मिलिशिया समूह अल-शबाबले युगान्डाको कम्पालामा धेरै आत्मघाती बम विस्फोट गरायो । जसमा ७४ जनाको मृत्यु भएको थियो भने ८५ जना घाइते भएका थिए ।



११ जुलाई २००६ मा भारतको मुम्बईमा श्रृंखलाबद्ध बम हमला भएको थियो । जसमा २०९ जनाको मृत्यु भएको थियो ।



# किन भयो राजसंस्थाको खोजी ?

**विचार**



● जनकराज पाठक

> *जनताको जनजीविकाको सवालमा नबोल्ने, मुलुकलाई भ्रष्टहरूको अखडा बनाउने, आफू केन्द्रित मात्र राजनीति गर्ने र विदेशिएका नेपालीहरूले पठाएको विप्रेषणमा तर मारेर खाने जनता मारा व्यवस्था र नेतृत्वबाट वाक्क, दिक्क भएका जनताहरू नै यो व्यवस्थाको विकल्प खोज्दैछन्...*

मुलुकको विकास निर्माणलाई तीव्रता दिन, नागरिकलाई सुशासन दिन, भ्रष्टाचारलाई निर्मूल पार्न, नव-जवान युवाहरूलाई विदेशिनबाट रोक्न गणतान्त्रिक व्यवस्था पूर्णत: असफल भएको छ । हाम्रो मौलिकता, धर्म, संस्कृति र संस्कार सबै हराएको छ । खर्चिलो तथा अव्यवहारिक राज्य संरचनाले मुलुकको आर्थिक, राजनैतिक तथा सामाजिक अवस्था झन् पछि झन् दयनीय बन्दै गएको छ । पचासौं लाख युवाहरूले विदेशमा बगाएको पसिनाबाट आएको विप्रेषणले मुलुक चलाउन परेको छ ।

आज समृद्धि र विकास जनता झुक्काउने नारा भएका छन् । मुलुक बेरोजगार उत्पादन गर्ने कारखाना भएको छ । परराष्ट्र नीति सत्ता जोगाउन मात्र केन्द्रित छ । सरकार, सरकार जस्तो देखिँदैन । न्याय मरेर गएको छ । जसरी पनि सत्ता, सत्ताको लागि पैसा, पैसाको लागि भ्रष्टाचार यही गोल चक्करमा राजनीति फसेको छ । समग्रमा देशमा नैतिकता, इमानदारिता र निष्ठाको अन्त्य भएको छ ।

यही व्यवस्था रहिरहँदा यो सबै विकृतिलाई स्वीकार गर्नुको विकल्प छैन । पछिल्लो भ्रष्टाचार, कुशासन र दण्डहीनता यसका ज्वलन्त उदाहरण हुन् । डरलाग्दो ढंगले सत्ता र शक्तिको दुरूपयोग बढेको छ । राज्यले आफू अनुकूल हुँदा एउटा र प्रतिकुल हुँदा अर्को व्यवहार गर्छ । सत्तासँग फरक मत राख्नेको राजनीति नै करिब सकिएको अवस्था छ । यो व्यवस्थाले धनी र गरिबबिचको दुरी निकै बढाएको छ । धनी झन् धनी र गरिब अझ गरिब बन्दै गएका छन् । गणतन्त्रको जामा लगाएर उदाएका नवसामन्ती र नवधनाढ्यहरूले मुलुकलाई लुटी खोक्रो बनाइसकेका छन् ।

किसान, जनजाति, महिला, दलित, मधेसी वा अन्य कसैको जीवनमा यो व्यवस्थाले खासै परिवर्तन ल्याउन सकेको छैन । परिवर्तन केवल नेताहरूको जीवन शैलीमा आएको छ । व्यवस्था परिवर्तनपछि मुख्यगरी सत्तामा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी शर्मा ओली र एकीकृत समाजवादीका अध्यक्ष माधव कुमार नेपाललगायत छन् । सत्ताका सम्पूर्ण अवयवहरुमा उनीहरुकै नियन्त्रण छ ।

कुन सरकार कहिले बन्छ र ढल्छ अनि कसको सरकार बन्छ, त्योसँग खासै जनतामा चासो रहे जस्तो देखिँदैन । कुन मन्त्रालयमा कुन मन्त्री छन्, साँच्चै सर्वेक्षण गरियो भने राजधानीका जनताले भन्न सक्दैनन्, यसरी राजनीतिप्रति वितृष्णा बढ्दै गएको छ । जसको जुन सरकार बने पनि त्यसले नेपाली जनताको जनजीविकाको सवाललाई सम्बोधन गर्दैन ।

जनताको जनजीविकाको सवालमा नबोल्ने, मुलुकलाई भ्रष्टहरूको अखडा बनाउने, आफू केन्द्रित मात्र राजनीति गर्ने र विदेशिएका नेपालीहरूले पठाएको विप्रेषणमा तर मारेर खाने जनता मारा व्यवस्था र नेतृत्वबाट वाक्क, दिक्क भएका जनताहरू नै यो व्यवस्थाको विकल्प खोज्दैछन् । बेलैमा जनताको भावनालाई नबुझ्ने र अझ जनतालाई पदार्थ वा वस्तु सरहको व्यवहार गर्दै जाने हो भने यो व्यवस्था जान्छ, यसमा कुनै शंका छैन ।

सबैको आ-आफ्नै चरित्र हुन्छ, आ-आफ्नै धरातल हुन्छ, त्यसैको जगमा उभिएर मात्र सुन्दर भविष्यको निर्माण हुनसक्छ भन्ने यथार्थतालाई भुल्दा आज हामी इतिहासकै कठिन मोडमा पुगेका छौं । यसलाई मनन गर्दै सुन्दर भविष्य, सुन्दर समाज अनि सुन्दर देशको निर्माण गर्ने हो भने अब राजसंस्थासहितको प्रजातन्त्र, सर्व धर्म समभावसहितको वैदिक सनातन हिन्दु अधिराज्य अनि सुदृढ स्थानीय स्वायत्त शासन प्रणाली नै मुलुकको चरित्र हो भन्ने यथार्थतालाई बोध गर्न अब ढिलो नगरौं ।

नेपालको राजसंस्थाले २००७ सालमा जहानियाँ राणा शासनको विरूद्ध प्रजातन्त्र स्थापनार्थ राजगद्दीसमेत दाउमा लगाएको इतिहास पुरानो होइन । आजको नेपाल खडा गर्ने एक मात्र संस्था राजसंस्था नै हो । २०४६को राजनीतिक परिवर्तनको समयमा नेपाललाई भुटान हुनबाट जोगाउने संस्था पनि राजसंस्था नै हो । अझ २०६२/६३ को आन्दोलन पछि शान्तिपूर्ण रूपमा प्रजातन्त्रलाई सहयोग पुऱ्याउँदै बिना रक्तपात पत्रकार सम्मेलन गरेर आफ्नो राजगद्दी र श्रीपेच जनतालाई नासोको रूपमा छोडेर शान्तिपूर्णरूपमा देशभित्र नै जीवनयापन गर्ने गरी अघि बढेको संस्था पनि राजसंस्था नै हो । यो सत्य र यथार्थतालाई आज नजर अन्दाज गर्न मिल्दैन । यो परिवेशमा चालु व्यवस्थाभन्दा राजसंस्थासहितको प्रजातन्त्र ठिक भन्ने जनमानसमा छ ।

संसारमा आजका धेरै सम्पन्न देशहरूमा पनि राजसंस्था हटेर फेरि फर्केका उदाहरण छन् । त्यस्तो हुनुको पछाडि, त्यो देशले जनताले आवश्यकताको ठोस पहिचान गर्नु हो । नेपालको भौगोलिक अवस्था र नेपालमा राष्ट्रिय एकताको लागि साझा संस्थाको रूपमा आज देशभरि राजसंस्थाको पक्षमा आवाज उठिरहेको छ । सार्वभौम जनताको यो मागलाई सम्बोधन गर्नुको विकल्प छैन ।

यथार्थलाई मनन गरेर राजसंस्थालाई स्थान नदिए मुलुक राजनीतिक अर्को समस्यातर्फ फस्ने जोखिम छ । पछिल्ला राजसंस्थावादीहरूको आन्दोलनहरूले पनि त्यतातर्फ संकेत गरेका छन् । राजसंस्थाप्रति जनताको मोह बढ्दै जानू, यसको थप उदाहरण पनि हो । अब यसलाई बेवास्ता गर्दा राजनीतिक संकटको जोखिम बढ्छ र त्यो संकटले थप समस्या निम्त्याउँछ ।

गणतन्त्र उच्चतम् सिद्धान्त हुँदै हैन । उच्चतम् सिद्धान्त भनेको देशको ठोस आवश्यकताको परिवेशमा, त्यसले कत्तिको योगदान गरेको छ वा छैन भन्ने विषय जोडिन्छ । कुनै पनि सिद्धान्तले त्यो देशको जनताको आकाक्षांलाई कुन हदसम्म स्विकारेको छ ? मूल प्रश्न त्यो हो । गणतन्त्रको कारण धर्म-संस्कृति, संस्कार र पहिचान हरायो । मुलुक भ्रष्टाचारीहरूको अखडा बन्यो, न्याय मरेर गयो, मुलुक विदेशीहरूको क्रिडास्थल बन्यो, संसारभरि हाम्रो वीरताको गाथा र सान, मान घटेर गयो । आज हामीलाई संसारले हेर्ने दृष्टिकोण नै बदलिएको छ । तसर्थ, हाम्रो पहिचानसहित राजनीति स्थीरता कायम गर्दै सुन्दर नेपाल निर्माणको निमित्त सबैको अस्तित्वलाई स्वीकार गर्दै अगाडि बढौं । वर्तमान व्यवस्थाका मुख्य नेतृत्वकर्तामा समयमै सद्बुद्धि पलाओस् । यसैबाट मात्र नेपाल र नेपालीको हित हुन्छ । अहिलेको आवश्यकता सबैको अस्तीत्वलाई स्वीकार गर्दै, सहकार्यबाट मुलुकलाई अगाडि बढाउनु पनि हो ।

**(पाठक, राप्रपाका केन्द्रीय नेता हुन् ।)**

## सामाजिक सञ्जाल



**गोकुल बाँस्कोटा**

जे रोप्यो त्यही फल्छ, प्रकृतिको नियम । हिजो केपी ओलीविरुद्ध रामकुमारी झाँक्रीले पार्टीमा व्यक्तिले विचार र प्रतिस्पर्धा गर्न पाउने भन्दा बढी बोल्दा नेपथ्य र कन्दराको गीतमा झुमेका दर्शकले झैँ ताली ठोक्ने समाजवादी हातहरू यति छिट्टै झाँक्रीको मुखमा पट्टी टाँस्न उचालिएको देख्दा उदेक छु ।




**कृष्ण खरेल**

शेरबहादुर देउवा जीले पूर्वराष्ट्रपति विद्या भण्डारीले एमालेको सदस्यता नवीकरणको विषयमा प्रधानमन्त्री समक्ष चिन्ता व्यक्त गरेछन् ! किन भन्दा यसले प्रणाली बिग्रन्छ रे र यो नैतिक पनि होइन रे ! आफ्नो छैटौं पटक प्रधानमन्त्री पद संकटमा पर्ने अवस्थालाई प्रणाली र नैतिकताको मूल्य दिँदा कल्ले पत्याउने ?



**सरल सुमन**

अयोध्याका राजा राम थिए-थिएनन् भन्ने दुवै मान्यता हुन्-वैज्ञानिकरूपमा प्रमाणित तथ्य होइनन् । हुनसक्छ थिए, हुनसक्छ थिएनन् । अयोध्या उत्खनन गरेर प्रमाणित गर्न सक्दा राम्रो । तर, विज्ञानले पुष्टि नगरेका विषयमा बारबार दाबी गर्नुचाहीँ मूर्खता हो । आफै प्रम-ठोरी उत्खनन गर्न कसले रोकेको छ ?



**टंक दाहाल**

रसियामा जन्मिएको लेनिनलाई पुज्छन्, जर्मनीमा जन्मिएको मार्क्सलाई आदर्श मान्छन्, चीनमा जन्मिएको माओको पूजा गर्छन्, विदेशीको चाकडी गर्छन्, नेपालमै जन्मिएको नेपालीलाई 'ए विदेशी बोल्छस् ?' भन्छन्, यिनका 'हिप्पोक्रेसी' !

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

मध्यान्ह
www.madhyanhadaily.com



# नागरिकता बोकेर वन कार्यालय पुगेपछि काठ पाउने व्यवस्था गर्दैछौं : मन्त्री कलवार

**सूर्य प्रसाद भुसाल/मध्यान्ह**
सन्धिखर्क, २६ असार

लुम्बिनी प्रदेशका वन तथा वातावरण मन्त्री देवकरण प्रसाद कलवारले विदेशी काठको आयात तत्काल रोकि नेपाली काठको उच्चतम प्रयोग गर्नुपर्ने बताएका छन् ।

उनले अब नागरिकहरूले काठ लिन जाँदा विभिन्न प्रकारका अनावश्यक सिफारिस लिनुपर्ने परम्पराको अन्त्य गरी नागरिकता लिएर वन कार्यालय पुगेपछि निजी कामका लागि सरकारले काठ उपलब्ध गराउने गरी नीति बनाउन लागिएको बताए । अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा बोल्दै मन्त्री कलवारले वन क्षेत्रको दिगो व्यवस्थापन गरी व्यवसायिक उपयोग गर्ने घोषणा गरे ।

नेपाल वर्षौंदेखि काठमा परनिर्भर भएको भन्दै अब स्वदेशी काठलाई प्राथमिकता दिँदै प्रदेशका सबै सरकारी कार्यालय निर्माण हुँदा काठ अनिवार्य प्रयोग गर्ने नीति



प्रदेश सरकारले बनाउने गरी विज्ञहरूसँग छलफल भइरहेको पनि उनले बताए ।

मन्त्री कलवारले एकातिर वनमा काठ कुहिएर खेर गइरहेको र अर्कोतिर मुलुकमा आवश्यक पर्ने काठ किन्नुपर्ने बाध्यता रहेको उल्लेख गर्दै स्वदेशी काठको खपत गर्ने गरी लुम्बिनी सरकार अगाडि बढ्ने बताए । ४५ प्रतिशतभन्दा बढी वनक्षेत्र भएको मुलुक नै काठमा परनिर्भर हुनुपर्ने अवस्था र काठ उत्पादन तथा प्रयोगको स्पष्ट नीति नहुँदा वर्षेनी अर्बौं रुपैयाँ काठ खरिदमा बाहिरिने गरेको मन्त्री कलवारको भनाइ छ ।

उनका अनुसार नेपालको वनको काठ सबै बजारमा ल्याउन सकिएमा नेपाल सरकारलाई खरबौंकोष जम्मा हुने र त्यही कोषबाट सरकार सञ्चालन गर्न सकिने सम्भावना रहेको छ । मन्त्री कलवारले भने, 'अर्घाखाँचीमा समृद्धिका लागि वन कार्यक्रम निकै उत्कृष्ट रहेको छ र गैडे, डोहोटे, मजुरे, पावरा लगायतका सामुदायिक वनहरूले समूहको पैसाबाट गरेको विकास लोभलाग्दो भएको छ ।' मन्त्री कलवारले समूहका पदाधिकारी, उपभोक्ता र पत्रकारहरूलाई पत्रकार भेटघाटमा धन्यवाद समेत दिए ।

देशको कुल भू-भागको ४५.३१ प्रतिशत वनले ढाकेको नेपालले ६ वर्षयता मात्रै ३८ अर्ब रुपैयाँभन्दा बढीको काठ आयात गरिसकेको छ । मन्त्री कलवारले करोडौँ क्युबिक फिट काठ जंगलमा कुहिएको भन्दै यहाँको काठ बाहिरको भन्दा धेरै मूल्यवान र गुणस्तरीय भएको बताए । उनले नेपाली जंगलको काठ बजारमा आउन नसकेर कुहिरहेको र विदेशी काठ आयात भैरहनु दुःखद भएको उल्लेख गरे ।

भन्सार विभागको तथ्यांकअनुसार, आर्थिक वर्ष २०७९/८० मा ५ अर्ब ८९ करोड ४२ लाख ६७ हजार रुपैयाँको काठ आयात हुँदा ५ अर्ब १ करोड ४२ लाख २३ हजारको काठ निर्यात भएको थियो। आर्थिक वर्ष २०७८/७९ मा ७ अर्ब ४४ करोड ७८ लाख ७९ हजार रुपैयाँको काठ आयात हुँदा ५८ करोडको मात्र काठ निर्यात भएको देखिन्छ। त्यस्तै, आर्थिक वर्ष २०७७/७८ मा नेपालले ७ अर्ब ८८ करोड ५८ लाख ५७ हजार रुपैयाँको काठ तथा काठजन्य सामग्री भित्र्याउँदा १२ करोड ५७ लाख ९८ हजार रुपैयाँको मात्र काठ निर्यात गरेको उल्लेख छ।

# पोखरिया नगरपालिकाको ४४ करोडको बजेट पारित



**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २६ असार

पर्साको पोखरिया नगरपालिकाको ९औं नगरसभा अन्तर्गतको दोस्रो बैठक (बन्द सत्र) बिहीबार सम्पन्न भएको छ। नगरसभाको बन्द सत्र पोखरिया नगरपालिका सभाहलमा सम्पन्न भएको हो ।

बन्द सत्रमा पोखरिया नगरपालिकाकी उपमेयर रुबी ठाकुरले आगामी आर्थिक वर्ष २०८२/८३ का लागि ४४ करोड ४० लाख २७ हजार ४४८ रुपैयाँ ५८ पैसा बराबरको बजेट प्रस्तुत गरेकी हुन् । बजेट प्रस्तुतिपछि प्रत्येक वडा लगायत विनियोजित बजेट सर्वसम्मत रूपमा पारित गरिएको छ ।

पोखरिया नगरपालिकाले ल्याएको नीति तथा कार्यक्रम तथा बजेटमा शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकास क्षेत्रलाई विशेष प्राथमिकता दिइएको प्रमुख प्रशासकीय अधिकृत रामविनय सिंहले जानकारी दिए । पोखरिया नगरपालिकाका मेयर प्रदुमन प्रसाद चौहानको अध्यक्षतामा सम्पन्न नगरसभामा उपमेयर रुबी ठाकुर, प्रमुख प्रशासकीय अधिकृत रामविनय सिंह, वडाध्यक्षहरू, कार्यपालिका सदस्यहरू, वडा सदस्यहरू, कर्मचारी, पत्रकार, सुरक्षाकर्मी लगायतको सक्रिय सहभागिता रहेको थियो ।

# सुर्खेतमा अवैध अफिम कारोबार गर्ने एक जना पक्राउ, जुवातास खेल्ने पाँच समातिए

**पूर्ण सार्की/मध्यान्ह**
सुर्खेत, २६ असार

जिल्ला प्रहरी कार्यालय सुर्खेतले ५ किलोभन्दा बढी अफिमसहित एक व्यक्तिलाई पक्राउ गरेको छ ।

बिहीबार जिल्ला प्रहरी कार्यालय सुर्खेतले पत्रकार सम्मेलन गर्दै अवैध अफिमको कारोबार गरिरहेका जाजरकोटको जुनिचाँदे गाउँपालिका-१० सिर्पाका ४६ वर्षीय जयबहादुर बस्नेतलाई सार्वजनिक गरेको हो ।

बुधबार साँझ भेरीगंगा नगरपालिका-१० तालबारीमा अफिम कारोबार भइहेको सूचना प्राप्त भएपश्चात जिल्ला प्रहरी कार्यालय सुर्खेत र इलाका प्रहरी कार्यालय छिन्चुबाट खटिएको टोलीले भेरीगंगास्थित तालबारीबाट बस्नेतलाई पक्राउ गरेको हो । बस्नेतलाई चेकजाँच गर्दा उनले बोकेको झोलाभित्र लुकाइ राखेको अफिमजस्तो देखिने ५ किलो ५४० ग्राम गिलो पदार्थ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रहरी उपरीक्षक सुधीरराज शाहीले जानकारी दिए ।

पक्राउ परेका बस्नेतको साथबाट अफिमसहित तौल गर्न प्रयोग गरिने डिजिटल तराजु १ थान, नागरिकता प्रमाणपत्र, विभिन्न बैंकका चेक धितो ५ थान र नगद ४ हजार ७ सय ३० रुपैयाँ समेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

उनीमाथि लागुऔषध नियन्त्रण ऐन २०३३ को परिच्छेद ३, दफा १४, उपदफा ६(३) बमोजिम मुद्दा दर्ता गरिएको छ । सो दफाअनुसार १०० ग्रामभन्दा बढी अफिमको कारोबार गर्नेलाई १५ वर्षदेखि जन्मकैद सजाय र ५ लाखदेखि २५ लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्था छ । प्रारम्भिक अनुसन्धानअनुसार जाजरकोटलगायतका पहाडी



जिल्लाबाट संकलन गरिएका अफिम आर्थिक लाभका लागि नेपालसँग सीमा जोडिएका छिमेकी देशका सीमासम्म ओसार पसार हुने गरेको छ ।

बरामद अफिमको मूल्य स्थानीय नेपाली बजारमा करिब ८ लाख ८६ हजार ४ सय रुपैयाँ र प्रतिकिलो १ लाख ६० हजार रुपैयाँ रहेको अनुमान गरिएको छ । अन्तर्राष्ट्रिय बजारमा भने अफिमको मूल्य करोडौं पर्ने भएकाले विदेश लैजान लागिएको हुन सक्ने प्रहरीको आशंका छ ।

त्यस्तै पत्रकार सम्मेलनमार्फत जिल्ला प्रहरी कार्यालय सुर्खेतले सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नम्बर ६ स्थित हटियालाइनमा रहेको एक खाजाघरमा जुवा खेल्दै गरेको अवस्थामा पाँच जना पक्राउ परेको जानकारी दिएको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार बुधबार साँझ तिर्थराज रेग्मीद्वारा सञ्चालित 'टेष्टी खाजा घर' मा जुवा खेलिरहेको गोप्य सूचना प्राप्त भएपछि प्रहरीले सो स्थानमा छापा मारी उनीहरुलाई नियन्त्रणमा लिएको हो ।

जुवा खेल्दै गरेको अवस्थामा दैलेख स्थायी घर भइ हाल सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ हटियालाइनमा बस्ने ४१ वर्षीय होटल सञ्चालक तीर्थराज रेग्मी, दैलेखकै गुँरास गाउँपालिका वडा नं. ६ का ३६ वर्षीय विनोद रोकाय, कालीकोटको रास्कोट नगरपालिका वडा नं. ५ घर भइ हाल वीरेन्द्रनगर वडा नं १ बस्ने ४० वर्षीय कटन शाही, सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ का ३२ वर्षीय जगदिश रोकाय र सोही वडाका ५८ वर्षीय तिलक चपाईलाई पक्राउ गरिएको प्रहरीले जानकारी दिएको छ ।

प्रहरीले घटनास्थलबाट नगद ३४ हजार ६४५ रुपैयाँ, विभिन्न कम्पनीका मोबाइल फोनहरू र ८ गड्डी तास बरामद गरिएको जानकारी दिएको छ । पक्राउ परेकाहरूविरुद्ध जुवा खेल्ने तथा सट्टेबाजीसम्बन्धी कानुनी प्रक्रियाअनुसार थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

# ८०२ किलो गाँजा बरामद

**विराटनगर/मस**–मोरङको उखुबारीबाट ठूलो परिमाणमा गाँजा बरामद भएको छ । धनपालथान गाउँपालिका-१ गदिया खोलानजिकै उखुबारीमा बुधबार साँझ ८ सय २ किलो गाँजा फेला परेको हो । मोरङ प्रहरी प्रवक्ता डीएसपी कोपिला चुँडालका अनुसार इलाका प्रहरी कार्यालय रंगेली, प्रहरी चोकी गडेरिया, प्रहरी चौकी अमाहिवरियाती र सशस्त्र प्रहरी बलको बीओपी नोचाबाट खटिएको संयुक्त टोलीले गाँजा बरामद गरेको हो। गाँजा लुकाएर राखिएको विशेष सूचनाका आधारमा बरामद गर्न नेपाल र सशस्त्र प्रहरीको संयुक्त टोली खटिएको थियो ।


## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **NMS Recruitment Service Pvt. Ltd.** (**श्रम इजाजत पत्र नं. १५५६/०७९/०८०**) मा कार्यरत कर्मचारी **Devendra Pokharel**, **नागरिकता नं. १५-०१-७६-०३०१०, पद श्रम अधिकृत** हाल यस कम्पनीमा नरहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निजसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

Gov License No 1556/079/080
**NMS RECRUITMENT SERVICE PVT.LTD.**
Boudhha -06, Kathmandu, Nepal
Ph. No.: 01-5914535 | 5914536
E-mail: info@nmsmanpower.com
Website: www.nmsmapower.com



**बैजनाथ सा.व.उ.स प.न.पा ६, डडेल्धुराको**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रिको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/३/२७**

डडेल्धुरा जिल्लामा रहेको यस सामुदायिक वनको वन क्षेत्रबाट चालु आ.व. मा उत्पादन भई प.न.पा ६ सारगौडामा घाटगद्दीमा राखिएको लट नं. १ को साल जातको गोलिया थान ११० को परिमाण १०५५।२६ क्यू.फिट काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरीएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुटा छुट्टै बोलपत्र खरीद गरी २२ औं दिनमा सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि सम्बन्धित सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना सा.व.उ.स. को कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।



## भागेश्वर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**बगरकोट, डडेल्धुरा**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

### जरिवाना रकम दाखिला गर्ने सम्बन्धमा

**प्रकाशित मितिः २०८२/०३/२७**

**श्री माया कन्सट्रक्सन**
**अमरगढी न. पा.- ०५, डडेल्धुरा ।**

प्रस्तुत विषयमा तपाई र यस कार्यालयका बीच मिति २०७८।०७।०९ गते भएको ठेक्का सम्झौता बमोजिमको बर्थिङ्ग सेन्टर निर्माण वडा नं १ (ठेक्का नं BRM/DAD/NCB/Works/078/079/02) को निर्माण कार्य तपाईले समयमा काम सम्पन्न नगरी निर्माणस्थल छाडी निर्माण कार्य अलपत्र पारेको कारण सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ तथा खरिद सम्झौताको बुँदा नं GCC 72 बमोजिम मिति २०८१।०६।१४ गतेको भौतिक रुपमा उपस्थित भई स्पष्टिकरण पेश गर्ने बारेको पत्र र खरिद सम्झौता अन्त्य गर्ने सम्बन्धी मिति २०८१।०९।१७ गतेको सार्वजनिक सूचना को व्यहोरा अवगत भएकै छ ।

यसरी सम्झौता बमोजिमको काम समयमा सम्पन्न नगरी निर्माण कार्य अलपत्र पारी छाडेको कारणबाट सो निर्माण कार्य पुन: प्रचलित कानून बमोजिम गराउनुपर्ने भएकोले सो को लागि स्थलगत रुपमा बर्थिङ्ग सेन्टर निर्माण वडा नं १ (ठेक्का नं BRM/DAD/NCB/Works/078/079/02) को बाँकी कामको नापजाँच गरी तयार गरिएको लागत अनुमान, पूर्व निर्धारित क्षतिपूर्ती र पेश्की रकममा लागेको ब्याज सहित एकमुष्ट रकम रु. २४२०४४६।७८ (अक्षरेपी रु चौबिस लाख बीस हजार चार सय छयालिस रुपैया र अठहत्तर पैसा मात्र) रकम तपाईसँग सावजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ८, सार्वजनिक खरिद नियमावलीको नियम १२८ को उपनियम २ को खण्ड (घ) तथा खरिद सम्झौताको बुँदा नं GCC 75.3 को प्रावधान बमोजिम असुल उपर गर्नुपर्ने भएकोले ३० (तिस) दिनभित्र यस कार्यालयको आन्तरिक राजस्व खाता नं ०७००१००४००००००२ GA-1.1 मा जम्मा गरी यस कार्यालयलाई जानकारी दिनुहुन मिति २०८१।१०।१३ गतेको निर्णयानुसार अनुरोध छ । अन्यथा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



## INVITATION FOR BIDS

Date of publication: 2082/03/27 (July 11, 2025)

1. Agricultural Development Bank Ltd. invites electronic bids only from Nepalese eligible bidders for the following Construction Works under National Competitive Bidding procedures.

| S.N. | Contract Identification No. | Description of Works. | Estimated Amount inclusive VAT and Insurance. (NRs.) | Bid Security Amount(NRs.) | Non-refundable Bid Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1. | ADBL/CS/19/2081/082 | Construction of Office Works and Other Allied works at ADBL Branch Balawa, Mahottari. | 4,369,395.28 | 110,000.00 | 3000.00 |
| 2. | ADBL/CS/20/2081/082 | Construction of Office Works and Other Allied Electrical and Networking works at ADBL Branch Bhoteodar, Lamjung. | 4,230,427.15 | 105,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and visit at the office of Agricultural Development Bank Ltd., Fixed Assets & New Project Development Department, Ramshahapath, Kathmandu or may visit PPMO website www.bolpatra.gov.np/egp. Eligible Bidders have only option to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit non-refundable fee amount as mentioned in the above table for bidding document in the project's bank account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids.

   **Information of account in Bank:**

   Name of the Bank: Agricultural Development Bank Ltd .
   Branch: Corporate Banking, Ramshahpath
   Account holder: ADBL HO LEKHA Deposit Ac
   Account no.: 0100200114555025

3. Electronic bids must be submitted to the office Agricultural Development Bank Ltd., Fixed Assets & New Project Development Department, Ramshahpath, Kathmandu through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00 Hrs. on August 11, 2025 (2082/04/26). Bids received after this deadline will be rejected.

4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14.00 Hrs on August 11, 2025 (2082/04/26) at the office of Agricultural Development Bank Ltd., Fixed Assets & New Project Development Department, Ramshahapath, Kathmandu. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of as mentioned in the above table from Commercial Bank or Financial Institution except Agricultural Development Bank (If the bidder wishes to submit the Cash Security, the cash should be deposited in the above mentioned account), which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 120 Days).

5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

6. The Purchaser reserves the right to amend or correct and accept or reject, wholly or partly, any or all the bids without assigning any reasons, whatsoever.

**Agricultural Development Bank Ltd.**
**Fixed Assets & New Project Develpoment Department**
Head Office, Kathmandu.
Phone No.01-5721106

# अश्लीलता फैलाउने तिज गीत रोक्न माग

**काठमाडौं /मस–** राष्ट्रिय लोक सञ्चारकर्मी नेपालले तिज पर्वमा विकृति र अश्लीलता फैलाउने दुई गीतको प्रसारण तथा प्रकाशनमा प्रतिबन्ध लगाएको छ। बिहीबार एक विज्ञप्ति जारी गर्दै सामाजिक मर्यादा विपरीत सिर्जना गरिएका ध्रुव पुन र चन्द्रकुमारी शाहीको स्वरमा रहेको 'गाई कालो' र राजकुमार वली, अस्मिता थापा र लक्ष्मी थापाको स्वरमा रहेको 'सल्ला दमारमा' बोलको गीतका समाचार प्रसारण तथा प्रकाशनमा पूर्णरूपमा प्रतिबन्ध लगाएको छ ।

संस्थाका अध्यक्ष चन्द्रमणि गौतम र सचिव कमल सरगमले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'तिज पर्वको नाममा उत्पादन हुने कुनै पनि विकृति, अश्लीलता, अपशब्द र सामाजिक मर्यादा विपरीत सामग्री समावेश गरेका गीतहरूलाई पत्रपत्रिका, रेडियो, टेलिभिजन, युट्युब, तथा सामाजिक सञ्जाल लगायत कुनै पनि माध्यमबाट प्रकाशन तथा प्रसारण नगर्न र नगराउन सबै सरोकारवाला निकायहरूलाई अनुरोध गर्दछ ।'



बिहीबार बिहानै विज्ञप्ति प्रकाशित गरी मध्य दिउँसो राष्ट्रिय लोक सञ्चारकर्मी नेपालको टिम गृह मन्त्रालय पुगेर गृहमन्त्री रमेश लेखकलाई ध्यानाकर्षण पत्र बुझाउँदै तिज पर्वका नाममा सार्वजनिक हुने अश्लील र अमर्यादित गीतलाई रोक्न माग गरेको छ । पत्र बुझ्दै गृहमन्त्री लेखकले रोकथाममा सरकार गम्भीर रहेको बताए ।

यस्तै बिहीबार दिउँसो मन्त्रालयमा पुगेको राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको डेलिगेसन टोलीसँग गृहमन्त्री लेखकले अन्तरक्रिया गरेका छन् । अन्तरक्रियापछि गृहमन्त्री लेखकले प्रहरी महानिरीक्षक दीपक थापा र साइबर ब्युरो प्रमुख तथा प्रहरी नायब महानिरीक्षक नबीन्द अर्याललाई ब्युरोमा फोकस पर्सन तोकेर काम अघि बढाउन निर्देशन दिए ।

गृहमन्त्री लेखकले 'गीतसंगीतमार्फत समाजमा विद्वेष, घृणा फैलाउने, समाज समाजको बिचमा, व्यक्ति व्यक्तिको बीचमा, भासाभासीको बीचमा, एक अर्काप्रति अपहेलना गर्ने, अपमान गर्ने, लाञ्छना लगाउने कार्य रोक्न निर्देशन दिएका छन् । सो अवसरमा प्रतिष्ठानकी अध्यक्ष थापासहित पुगेका कलाकारले लोकगीत क्षेत्रमा विकृति विसंगति देखिएको र यसको रोकथामका लागि राज्य गम्भीर हुनुपर्ने बताएका थिए ।

# क्याप्टेन थापाको जीवनीमा चलचित्र 'क्याप्टेन साब' निर्माण हुँदै

**काठमाडौं /मस–** क्याप्टेन रामेश्वर थापाद्वारा लिखित अंग्रेजी पुस्तक 'इन्टु द फायर' मा आधारित चलचित्र 'क्याप्टेन साब' निर्माण हुने भएको छ। बिहीबार आयोजित एक कार्यक्रमबीच सो चलचित्र निर्माण गर्न लागिएको निर्देशक दीपेन्द्रकुमार खनालले जानकारी दिए । क्याप्टेन थापाको जीवनीको उतारचढावलाई चलचित्रकै शैलीमा प्रस्तुत गरिने निर्देशक खनालको भनाइ छ ।




उनले भने, 'नियमित बनिरहेका भन्दा फरक शैलीको चलचित्र दर्शकमाझ ल्याउने कोसिस गर्दैछौं । आकाशमा भोग्ने चुनौती, यात्राको भोगाइ र व्यावसायिक जीवनलाई समेटेर चलचित्रलाई रोचक बनाउने प्रयास रहनेछ ।'

उक्त चलचित्रमा खगेन्द्र लामिछाने, सुरक्षा पन्त, सञ्जोग रसाइलीलगायतका कलाकारको अभिनय रहने निर्देशक खनालले जानकारी दिए । आगामी भदौको पहिलो सातादेखि छायाँकार कृष्णबहादुर थापाले काठमाडौं, चितवन र काभ्रेका विभिन्न स्थानमा उक्त चलचित्रको छायांकन गर्नेछन् । द्वन्द्वकालमा नेपाली सेनाको एमआई-१७ हेलिकप्टरका प्रथम 'इन्स्ट्रक्टर' क्याप्टेन थापाको युद्धस्थलका उद्धार, भोगाइ एवं अनुभूतिमा अंग्रेजी पुस्तक 'इन्टु द फायर' प्रकाशित छ ।

## कोमल वलीले ल्याइन् 'सुनिदेऊ शिव'



**काठमाडौं /मस–** लोकगायिका कोमल वलीले आउँदो तिजलाई लक्षित गर्दै नयाँ गीत 'सुनिदेऊ शिव' सार्वजनिक गरेकी छन् । बुधबार सार्वजनिक गरिएको उक्त गीतको शब्द, संगीत र स्वर वलीको आफ्नै हुन् ।

हरेक वर्ष तिजमा भिन्न मर्म र शैलीका गीत ल्याउने वलीले यसपटक भने शान्त र भावुक भाकामा नयाँ गीत पस्केकी छन् । गीतमार्फत एक चेलीले धर्मअनुसार तीजको व्रत बस्दै भगवान शिवसँग मनको मर्म सुनाइदिन आग्रह गरेकी छन् । शान्त लय, सरल शब्द र आध्यात्मिक भावनाले भरिएको गीतमा झिलिमिली दृश्य वा चम्किला शब्दभन्दा पनि आत्मीयता र भक्ति झल्किएको छ ।

'पोइला जान पाम', 'तिजमा रमाइलो', 'बोल्नेलाई बोल्न देऊ' जस्ता चर्चित तिज गीतमार्फत लोकप्रिय बनेकी वली लोकसंगीतसँगै सञ्चारकर्म र राजनीतिमा पनि सक्रिय छन् । दाङमा जन्मिएकी वलीको सांगीतिक यात्रा २०४६ सालमा रेडियो नेपालको लोकगीत प्रतियोगिताबाट सुरु भएको हो । त्यसयता उनले रेडियो नेपालमा झन्डै २३ वर्ष समाचार वाचन, कार्यक्रम सञ्चालन र प्रस्तुति कार्यमा बिताएकी छन् ।

## संगीताको 'लाली पाउडर' सार्वजनिक



**काठमाडौं /मस–** सुदूरपश्चिमको मौलिक लय र सांस्कृतिक जीवनशैली झल्काउने देउडा गीत 'लाली पाउडर लाया जसी' सार्वजनिक भएको छ । गायक रोशन टमट्टा र गायिका संगीता बडुवालको स्वरमा प्रस्तुत गीतले लोकशैलीमा आधारित समसामयिक सन्देश बोकेको छ । गीतका शब्द र संगीत स्वयं बडुवालले तयार गरेकी हुन् ।

दीपकसंगम बिसी, मिराजविक्रम सिंह, संगीता बडुवाल, हेमराज अधिकारी, गणेश जीसी र मीना बडुवालको अभिनय रहेको भिडियोमा क्यामरा अमृत बिक, निर्देशन मिराजविक्रम सिंहको रहेको छ । शैली, लय र प्रस्तुतीकरणका दृष्टिले उत्कृष्ट बनेको यो गीतले विशेषगरी देउडा गीतप्रेमी दर्शक–स्रोतामाझ लोकप्रियता हासिल गर्ने अपेक्षा गरिएको छ । गीतको भिडियो गायक रोशनको अफिसियल युट्युबमार्फत सार्वजनिक गरिएको हो ।


### मोटरसाइकल हराएको सूचना

मिति २०८२/०२/२७ का.जि. गो.न.पा. ०६ जोरपाटी नारायणटार घर अगाडी पार्किङ गरी रोखेको अवस्थामा रहको बा.प्र ०२-०५५ प ७६४९ नम्बरको रातो कालो रङ्गको २२० सिसि पल्सरको मोटरसाइकल हराएको हुँदा पाउनुहुने महानुभावले निम्न नंम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

**सवारी धनीको नाम: हुलास फिन सर्भ हायर पर्चेज लि.**
**ऋणी : सुमन गुरुङ**
**च्यासिस नं:** MD2A13EX2RCJ-84081
**इन्जिन नं:** DKXCRJ-02498

## कटहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**कटहरी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना
**(प्रकाशित मिति २०८२/०३/२७)**

यस गाँउपालिकाबाट तपशिल बमोजिमको योजना खरिद ठेक्का प्रकृयाबाट संचालनको लागि E-Bidding मार्फत बोलपत्र माग गरिए अनुसार पेश हुन आएका तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को दफा ५४ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रपत्रदाताहरुको जानकारीको लागि आसयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नम्बर | योजनाको नाम | छनौट भएको वोलपत्र | कबोलअंक रु.(भ्याट सहित) |
|---|---|---|---|---|
| १ | ठेक्कानं.KRM/ NCB/W/19/ 081/082 | ७ नं. वडा कार्यलय भवनको दोस्रो तल्ला थप/ निर्माण, कटहरी-७ | श्री प्रभु एण्ड सन्स निर्माण सेवा, हरिनगर-१ सुनसरी | २७,७४,६८६।७५ |

**प्रमुख प्रशासकीय अधिकृत**

## बेसीशहर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बेसीशहर, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

**(आर्थिक वर्ष २०८२।०८३ का लागि नदीजन्य निर्माण सामाग्रीहरु संकलन तथा विक्री कार्यको लागि बोलपत्र आव्हान गरिएको सम्बन्धी)**

**सूचना ! सूचना !! सूचना !!!**

**(प्रथम पटक प्रकाशित मितिः २०८२।०३।२७)**

स्थानीय सरकार सञ्चालन ऐन २०७४, को दफा ६२ क र यस बेसीशहर नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थको व्यवस्थापन तथा उपयोग सम्बन्धी कार्यविधि २०७४ को व्यवस्था बमोजिम आर्थिक वर्ष २०८२।०८३ का बेसीशहर नगर पालिका क्षेत्रभित्र रहेका खोला तथा नदीहरुबाट नदीजन्य निर्माण सामग्रीहरु संकलन तथा बिक्री कार्यको लागि तपसिल बमोजिमका स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम निर्माण सामग्री संकलन गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०।८१ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.np वा कार्यालयको वेवसाईट www.besishaharmunicipality.gov.np मा हेर्न सकिनेछ तथा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

**तपसिल**

| क्र. सं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको बिबरण | वडा नं. | संकलन परिमाण (घ. मि.) | न्यूनतम ठेक्का रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउ-पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १ | Besishaharmun/ Revenue/NCB/ 082/83/01 | **रिष्ठेबगर घाट** (चिती मोटरेवल पुल घुम्तिदेखि तल देउथान खोलासम्म) | १ | ११७०० | ४०००००० | कबोल अंकको ५ प्रतिशत | ३००० |

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

### दावी विरोध सम्बन्धी सूचना
**प्रकाशित मितिः २०८२/०३/२७**

नेपाल सरकार वैदेशिक रोजागर व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री ALETQAN NEPAL PVT. LTD.(इ.प.नं. ३१३/०५९/०६०) ले यस विभाग समक्ष कास्की जिल्ला पोखरा महानगरपालिका-०८ मा शाखा खोली शाखा प्रमुखमा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. ०८ बस्ने श्री रुपेन श्रेष्ठलाई नियुक्त गरी संचालन गर्दै आएकोमा उक्त शाखा कार्यालय रद्द गरी धरौटी रकम फिर्ता गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोहि कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सवुद प्रमाण सहित वैदेशिक रोजगार विभागमा सम्पर्क गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । अन्यथा माग बमोजिम शाखा कार्यालयको इजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन भएको सुचना
**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/२७**

*कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा दर्ता रहेको **ओम एक्स. ग्लोबल प्रा.लि.** (प्रा.लि.नं. ३२१९८८/८०/८१) नामक कम्पनीको मितिः २०८२/०२/१६ गतेको विशेष साधारण सभाको निर्णयले कम्पनीको नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्न व्यहोर्न पर्ने कर, दायित्व आदि सबै परिवर्तित नाम **प्राईम गोर्खा एक्सप्रेस प्राईभेट लिमिटेड**ले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा पेश गरी कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरको मिति २०८२/०२/२९ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन भई प्राईम गोर्खा एक्सप्रेस प्राईभेट लिमिटेड (Prime Gurkha Express Private Limited) भएको ब्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।*

### कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सन्चालन गर्न इजाजत प्राप्त यस **बि.एस. हुमन रिसोर्स प्रा.लि. (श्रम इजाजत पत्र नं. १७०२/२०८१/०८२)** मा कार्यरत निम्न कर्मचारी यस कार्यालयबाट हटाएको सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न /नगराउन हुन यसै सार्वजनिक सूचनादारा सम्बन्धित सबैमा जानकारी गराईन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन साथै कुनै दावी बिरोध भएमा ७ (सात) दिन भित्रमा यस प्रा.लि. वा बैदेशिक रोजगार विभागको कार्यालयमा सम्पर्क गर्न हुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | पद | नागरिकता नं. | ठेगाना |
|---|---|---|---|---|
| १ | कृष्णबहादुर बस्नेत | डाइरेक्टर | १११२०७/४२ | दैलेख |

**B.S. HUMAN RESOURCE PVT.LTD.** श्रम इजाजत नं. १७०२/०८१/८२
Sinamangal-09, Kathmandu, Nepal. Tel: 01-5922084 | 5922085, Email: bshumanresources@gmail.com, info@bshumanresources.com.np, Web.: www.bshumanresources.com.np,

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना
**दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/२७**

**सि. आर. मिडिया नेटवर्क प्रा. लि.** को मिति २०७६/०८/१७ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सि. आर. मल्टिपर्पोज प्रा. लि. (प्रा. लि. नं. १६४७७७)** कायम गर्ने गरी मिति २०७६/१०/२६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

कम्पनी: **ALWA'AD FOR RECRUITING DOMESTIC WORKERS** — शहर: **AMMAN**
पूर्व स्वीकृत मिति: २०८१/०३/१६ — चलानी नं.: ६०२२१७३६ — LT. No.: 306956 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker (Experienced) | 0 | 6 | सम्बन्धित काममा दक्ष | 350 | ४७,८७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Domestic Worker/Housemaid | 0 | 33 | | 300 | ४१,०३४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २ गते (18 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**EARTH VISION MANPOWER SERVICES PVT.LTD.** Govt. Lic. No. 749/064/065
Jayabageshwori, Kathmandu, Nepal, Tel.: 4481192
9801102204, 9801102202, Email:earthvision2016@gmail.com

### युएईमा रोजगार

कम्पनी: **SANED FACILITY MANAGMENT L.L.C** — शहर : **UAE**
पूर्व स्वीकृत मिति: २०८१/१०/०४ — चलानी नं.:६०२३१४५६ — L.T. No.: 317248 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 96 | 20 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Security Guard | 49 | 10 | | 1600 | ५९,५८४ | | | | | | | |

कम्पनी: **ABU DHABI BERKELEY SERVICES LLC** — शहर : **UAE**
पूर्व स्वीकृत मिति: २०८१/०९/०८ — चलानी नं.:६०२३०७३० — L.T. No.: 315846 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 66 | 62 | स. काममा दक्ष | 800 | २९,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: **BERKELEY SECURITY SERVICES & BUILDING CLEANING (BR. OF BERKELEY SERVICES UAE LLC** — शहर : **UAE**
पूर्व स्वीकृत मिति: २०८१/०९/०९ — चलानी नं.:६०२३५२१० — L.T. No.: 315847 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 0 | स. काममा दक्ष | 800 | २९,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २ गते (18 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**DK RIVER OVERSEAS (P.) LTD.** Govt.Lic. No. 1102/073/074
Tokha-09, Gangabu, Kathmandu, Tel : 01-4980932/4982214/4955132

### साउदीमा रोजगार

कम्पनी: **FAST SPEED CENTER FOR AUTO MAINTENANCE** — शहर: **DAMMAM**
पूर्व स्वीकृत मिति: २०८२/०३/१७ — चलानी नं.: ६०२४०९०५ — L.T. No.:326558

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ४३,७६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २ गते (18 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**जब वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा. लि.** श्रम इजाजत नं. ८४५/०६६/०६७
सामाखुसी, काठमाडौं, नेपाल, फोनः ४९८८३८०, ४९८२५३३, फ्याक्सः ४९८८३८१

### यूएईमा रोजगार

कम्पनी: **GLOBAL CLEANING SERVICES** — शहर: **UAE**
पूर्व स्वीकृत मिति: २०८१/१२/०४ — चलानी नं.: ६०२३४६४२ — LT. No.:320513 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 25 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,५१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Cleaner | 25 | 0 | | 900 | ३३,५१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २ गते (18 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Lic. No.: 167/056/057
**KANTIPUR OVERSEAS SERVICE PVT. LTD.**
Samakhushi, Kathmandu. Tel No: 4960615/4961916
E-mail: kantipurovs@gmail.com/website: www.kantipuroverseas.com

### युएईमा रोजगार

कम्पनी : **EJADAH ASSET MANAGEMENT GROUP LLC** — शहर : **DUBAI**
पूर्व स्वीकृत मिति: २०८१/०५/११ — चलानी नं.: ६०२२४१८७ — LT. No.: 309462 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/Janitress | 0 | 34 | स. काममा दक्ष | 800 | २९,७९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ साउन २ गते (18 July 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
